स्थानिय सरकार

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश
नेपाल

# "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१"

कालिका नगरपालिकाको मिति २०८१ / ०९ / १९ गते सम्पन्न दोश्रो कार्यकालको छैटौं नगर सभाबाट पारित यो "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१" कालिका नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

<u>प्रमाणीकरण मिति २०८१ / ०९ / २९</u>

नगर प्रमुख

..............................
(विनोद रेग्मी)
नगर प्रमुख

**"कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१"**

**१. परिचयः**

नेपालको संविधानको अनुसूची - ९ को साझा अधिकार सूचीमा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, खानीजन्य पदार्थ निकासी वापतको आय सङ्कलन गर्ने कार्य प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। आ.व.२०७५/७६ देखी लागू हुने गरी प्रदेश सरकार बाट तोकिए बमोजिम स्थानीय तहहरूले निर्माणजन्य खनिज पदार्थ ( ढुँगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो ) मा सङ्कलन शुल्क र बिक्री शुल्क लिन पाउने गरी आर्थिक विधेयक समेत जारी भइसकेको छ। कालिका नगरपालिका क्षेत्रभित्र रहेका नदी क्षेत्र, खोला एवम् निजी जग्गाबाट उत्खनन / सङ्कलन हुने साधारण निर्माणजन्य खनिज पदार्थको सङ्कलन, बिक्री तथा आन्तरिक निकासी कार्यबाट नगरपालिकाले राजश्व सङ्कलन गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बागमती प्रदेश सरकारको आर्थिक विधेयकमा तोकिएको दरमा नदीजन्य पदार्थ तथा निजी खानीबाट उत्पादित साधारण निर्माणजन्य खनिज पदार्थको राजश्व सङ्कलन गर्न पाउने अधिकार स्थानीय तहहरू लाई प्रदान गरेको छ।

निर्माणजन्य खनिज पदार्थ उत्खनन तथा सङ्कलन गर्दा नदीको प्राकृतिक वहाव लाई असर नपर्ने, आसपासका खेती योग्य जग्गा जमिन तथा बस्तीलाई सुरक्षित राख्नको लागि उपयुक्त परिमाणमा उत्खनन गर्नको लागि भारी मेसिनरी औजारहरू प्रयोग गर्नु पर्ने एवं नदी, खानी खोला एवम् निजी जग्गाबाट निर्माणजन्य खनिज पदार्थ ( ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो ) पदार्थ उत्खनन, सङ्कलन तथा बिक्री वितरण एवम् उत्खनन तथा सङ्कलन प्रक्रियामा भरी मेसिनरी औजार प्रयोग, अनुगमन तथा नियमन सम्बन्धमा **"कालिका नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन – २०८१" को दफा (४०)** बमोजिम कालिका नगरपालिकाको दोश्रो कार्यकालको छैटौं नगरसभाले यो कार्यविधि जारी गरेको छ। यस कार्यविधिको नाम **"कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१"** रहनेछ। यस कार्यविधि लागू भएपछि "कालिका नगरपालिकाको खानीजन्य तथा खनिज पदार्थ ( ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो ) पदार्थ उत्खनन / सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि – २०७७" र "कालिका नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन ओसार पसार तथा बिक्री वितरण गर्ने कार्ययोजना, २०७५" स्वतः खारेज हुनेछ।

**२. परिभाषाः**

(क) निर्माणजन्य खनिज पदार्थः कालिका नगरक्षेत्र भित्र खोला, नदी, सार्वजनिक एवम् निजी जमिन बाट दिगो रुपमा व्यवस्थापन गर्नसकिने बोल्डर, ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो लगायतका निर्माण कार्य एवम् निर्माण सामाग्री उत्पादनमा प्रयोग हुने पदार्थहरू

(ख) दिगो व्यवस्थापनः "कालिका नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन – २०८१", प्रचलित कनुन एवं यस कार्यविधि को अधीनमा रही गरिने निर्माणजन्य खनिज पदार्थ उत्खनन, सङ्कलन, भण्डारण, बिक्रीवितरण लगायतका कार्यहरू

(ग) वातावरणीय अध्ययन - प्रचलित वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली र यसै कार्यविधिले तोकेबमोजिम निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्ने प्रयोजनका लागि सम्पादन गर्नुपर्ने / गरिने सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मल्याङ्कन कार्य

(घ) निर्देशक समितिः यस कार्यविधिको दफा – ५ (१) बमोजिम गठित समिति





नगर प्रमुख

CamScanner

(ङ) अनुगमन समितिः यस कार्यविधिको दफा – ५ (४) बमोजिम गठित समिति

(च) उत्खननः स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन वा यस कार्यविधिले तोकेबमोजिम उत्खनन क्षेत्रमा रहेको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन प्रयोजनका लागि मानिस वा मेसिन प्रयोग गरी खन्ने, निकाल्ने, सङ्कलन गर्ने थुपार्ने लगायतका कार्यहरू

(छ) उत्खनन क्षेत्रः कालिका नगरपालिका क्षेत्रभित्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि स्वीकृति प्राप्त चारकिल्ला तोकिएको नदी उकास, खोला बगर , सार्वजनिक जमिन वा निजी जमिन क्षेत्र । यस कार्यविधि बमोजिम निजी जमिन व्यवस्थापन एवम् स्टक गर्ने प्रयोजनका लागि चारकिल्ला तोकी नगरपालिकाले स्वीकृति प्रदान गरेको निजी जमिन क्षेत्र

(ज) सार्वजनिक उत्खनन क्षेत्रः कालिका नगरपालिका क्षेत्र भित्र रहेको कुनैपनि व्यक्ति, सङ्घसंस्था वा निकायको नाममा हकभोग निस्सा (लालपुर्जा ) कायम नरहेको सार्वजनिक जमिन क्षेत्र

(झ) निजी उत्खनन क्षेत्रः कालिका नगरपालिका क्षेत्र भित्र रहेको कुनैपनि ब्यक्ती सङ्घसंस्था वा निकायको नाममा बैयक्तिक हकभोग निस्सा (लालपुर्जा) कायम रहेको र व्यवसायिक प्रयोजनकालागी निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्न स्वीकृति प्राप्त जमिन क्षेत्र । नेपाल सरकार वा नेपाल सरकारबाट गठन भएका वा सरकारि स्वमित्व रहेका निकाय, कर्यालय, ट्रष्ट, समिति, बोर्ड, प्रधिकरण, तह, गुठी, गै.स.स. लागयात शार्वजनिका संघ संस्थाहरुको नामाम बैयक्तिक हकभोग निस्सा (लालपुर्जा) कायम रहेको जमिन क्षेत्र निजी उत्खनन क्षेत्र भीत्र पर्ने छैनन ।

(ञ) भारी ढुवानी साधनः यस कार्यविधि बमोजिम स्वीकृत प्राप्त उत्खनन क्षेत्रमा उत्खनन भएको निर्माणजन्य खनिज पदार्थ बातावरण मैत्री बिधीबाट भण्डारण वा बिक्री स्थल सम्म ढुवानी गर्न प्रयोग हुने ट्रेक्टर, ट्रक,टिप्पर जस्ता मेसिनरी साधन

(ट) भारी मेसिनरी औजारः यस कार्यविधि बमोजिम स्वीकृत प्राप्त उत्खनन क्षेत्रमा रहेको निर्माणजन्य खनिज पदार्थ स्वीकृत बमोजिम खन्ने, निकाल्ने, सङ्कलन गर्ने, थुपार्ने, लोड-अनलोड गर्ने लगायतका कार्यहरू प्रयोग हुने एक्साभेटर, ब्याहो लोडर, डोजर जस्ता मेसिनरी औजार

(ठ) म्यादः यस कार्यविधि वा नगरपालिकाको स्वीकृति बमोजिम उत्खननकर्ता सँगको सम्झौतामा उल्लेखगरी उत्खनन कार्यकालागि अनुमति प्रदान गरिएको समयावधी (मिती वा म्याद) ।

(ड) दैनिक समयावधीः स्वीकृत म्याद भित्र दैनिक उत्खनन कार्य... अनुमति प्रदान गरिएको समायवधी बुझ्नु पर्दछ । यसप्रकारको समयावदी बढिमा दैनिक बिहान सात बजे देखी बेलुकी पाँच बजेसम्म मात्र हुने छ ।

(ढ) ब्यक्तिगत जमिन व्यवस्थापनः नगरपालिकाले कलिका नगरबासिहरुको आफ्नै निजी जमिन (ब्यक्तिगत रुपमा लापुर्जाकायम रहेको जमिन) क्षेत्रभीत्र सिमित हुनेगरी दिगो रुपमा गरिने सामान्य घरायसी एवम् कृषिकार्यहरुका लागि जमिन सम्याउने, पहिरो पन्छाउने, ढिस्को फाल्ने, बाँझो जमिन खार्ने, नदि कटान नियन्त्रणकार्य, कृषि पोखरी निर्माण एवम् बिभिन्न कृषिकर्मका लागि जमिन खन्ने, सम्याउने, गहाहरु मिलाउने, कान्लाहरु सम्याउने, माटो थुपार्ने एवं खन्ने कार्यहरू

(ण) उपयोगः कुनै एउटा कित्ता नम्बरको निजी जमिन व्यवस्थापन कार्यगर्दा उत्खनन भएको निर्माणजन्य खनिज पदार्थको परिमाण मध्य उल्लेखित कित्ताको व्यवस्थापनगरी बाँकि रहेको परिमाणको निर्माणजन्य खनिज पदार्थको यस कार्यबिधि बमोजिम अन्यत्र गरिने प्रयोग वा बिक्रिवितरण ।

(त) अमानत प्रक्रियाः नगरपालिकाले ठेक्का नलगाई बमोजिम आफैले श्रोत साधन परिचालन गरी यस कार्यबिधि को अधीनमा रही नियमानुसार राजश्व लिई बिभिन्न ब्यक्ती वा निकायहरुलाई स्वीकृत उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थको उपलब्ध गराउने प्रकृया



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

CamScanner

(थ) सेवाग्रही: नगरपालिका बाट अनुमतीलिई स्वीकृत उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, बिक्रीवितरण लगायतका कार्यहरू गर्ने अनुमती प्राप्त व्यक्ती वा निकाय

३. कार्यविधिको उद्देश्य:

(१) कालिका नगरपालिका क्षेत्रभित्र रहेका उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थको दिगो व्यवस्थापन गर्दा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, कालिका न.पा. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन-२०७७ र यस कार्यविधि मा पालना गर्नुपर्ने भनी तोकिएका शर्तहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

(२) नदीक्षेत्र तथा खानी क्षेत्र वरिपरीको वातावरण संरक्षण गर्ने।

(३) नदी तथा खानी क्षेत्रबाट साधारण निर्माणमुखी खनिजको अधिक तथा अवैध दोहन नियन्त्रण गरी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने।

(४) नदीजन्य पदार्थ उत्खनन / सङ्कलन गर्ने सन्दर्भमा नेपाल सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीयता विशेष (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने।

(५) निजी जमिन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यलाइ नियमित र व्यवस्थित गर्ने।

(६) आम नागरिकलाई सुपथ मूल्यमा निर्माण सामग्री उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने।

(७) सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने निर्माण सामग्रीको अभाव हुन नदिने।

(८) व्यक्तिगत जमिन व्यवस्थापन कार्यलाई सहज र व्यवस्थित गर्ने।

४. कार्यविधिका क्षेत्रहरु:

(१) निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति भएका कालिका नगरपालिका क्षेत्रभित्र रहेका नदी बगर, खोला बगर, नदि उकास, सार्वजनिक जमिन लगायतका क्षेत्रहरु।

(२) व्यवसायिक प्रयोजनकालागी निर्माणजन्य खनिज पदार्थ दिगो रुपमा उत्खनन एवं व्यवस्थापनगर्न वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका नगरपालिका क्षेत्रभित्रका निजी जमिन क्षेत्रहरु।

(३) नगरपालिका क्षेत्रभित्र निर्माणजन्य खनिज पदार्थ स्टक व्यवस्थापन गर्न स्वीकृति प्रदानगरिएका निजी जमिन क्षेत्रहरु।

(४) नगरपालिका क्षेत्रभित्र रहेका निर्माणजन्य खनिज पदार्थ स्टक प्रमाणित गरिएका क्षेत्रहरु।

(५) नगरपालिका क्षेत्रभित्र व्यक्तिगत जमिन व्यवस्थापन गर्न स्वीकृति प्रदानगरिएका निजी जमिन क्षेत्रहरु।

(६) विभिन्न निकायहरुबाट स्वीकृत प्राप्त नगरपालिका क्षेत्रभित्र सञ्चालित सार्वजनिक पुर्वाधार निर्माण सम्बन्धि योजना निर्माण स्थलहरु।

५. निर्देशक, अनुगमन तथा प्राविधिक समिति सम्बन्धि व्यवस्था:

(१) कालिका नगरपालिका क्षेत्रभित्र रहेका उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थको दिगो व्यवस्थापनकार्य लाई नियमन, निर्देशन अनुगन, मुल्याङकन र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनकालागि देहायबमोजिम निर्देशक समिति रहनेछ।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१/०९/२९

संयोजक - नगर उपप्रमुख

सदस्य - नगर उपप्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - नगरपालिका बन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक

सदस्य - नगरपालिका पुर्वाधार समितिको संयोजक

सदस्य – जिल्ला समन्वय समितिको प्रतिनिधी

सदस्य – जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी

सदस्य – डिभिजन बन कार्यालयको अधिकृत प्रतिनिधी

सदस्य – जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधी

सदस्य - नगरपालिका राजश्व साखा प्रमुख

सदस्य सचिव - नगरपालिका बन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख

(२) निर्देशक समितिको बैठक

(क) निर्देशक समितिको बैठक महिनामा कम्तीमा १ पटक र निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापनकार्य सञ्चलन भैरहेको अवस्थामा आबस्यकताअनुसार बस्नेछ। निर्देशक समितिको बैठक आव्हान, संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले गर्नेछ।

(ख) निर्देशक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(ग) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(घ) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन्।

(ङ) निर्देशक समितिले आवश्यकता अनुसार निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(च) निर्देशक समितिको निर्णय संयोजकले प्रमाणित गर्नेछन्।

(छ) बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निर्देशक समितिको काम कर्तव्य र अधिकार

(क) खनिज पदार्थको दिगो उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन तथा नियमन गर्ने

(ख) यस कार्यविधि बमोजिम खनिज पदार्थको दिगो उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नगर प्रमुख एवं नगर कार्यपालिकालाई सिफारिस गर्ने।

(ग) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिका एवं नगर प्रमुखको निर्णय भएबमोजिम वा अन्य तोकिएका कार्यहरु गर्ने।

(घ) अनुमती प्राप्त उत्खनन क्षेत्रमा कार्यविधि यस बमोजिम भारी ढुवानि र मेसिनरी साधनहरु एवं चालक सम्वन्धि सिफारिस, नियमन र नियन्त्रण गर्ने।

(ङ) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धमा ढुवानि साधनहरु हरुको सञ्चालन रुट, रुट पर्मिट र पटके सम्वन्धि सिफारिस, नियमन र नियन्त्रण गर्ने।



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०१ / २१

(च) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धमा उत्खनन क्षेत्र, दैनिक अवधी, म्याद र परिमाण सम्बन्धमा अनुगमन, नियमन र नियन्त्रण गर्ने ॥

(छ) दैनिक उत्खनन परिमाण, राजश्व सङ्कलन र दाखिला सम्बन्धि कार्यहरू अनुगमन, नियमन र नियन्त्रण गर्ने ।

(ज) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धी नगर कार्यपालिकाले तोके बमोजिमका अन्यकार्यहरु गर्ने ।

(ट) यस सम्बन्धमा अनुगमन समितिलाई निर्देशन एवं परिचालन गर्ने ।

(ठ) प्राविधिक समिती परिचालन एवं उत्खनन क्षेत्रमा दैनिक कार्यसंपादनकालागी जनशक्ति व्यबस्थपन सम्बन्धमा सिफारिस गर्ने ।

(४) कालिका नगरपालिका क्षेत्रभित्र रहेका उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थको दिगो व्यवस्थापन कार्यको नियमित अनुगन, व्यवस्थापन एवम् प्रभावकारी रुपमा कार्यान्वियन गर्न गराउन लागाएतका कार्य सम्पादनकालागि देहायबमोजिम अनुगमन समिति रहनेछ ।

संयोजक - नगर उपप्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - नगरपालिका बन, वाताबरण तथा विपद व्यवस्थापन समितिको संयोजक

सदस्य - नगरपालिका पुर्वाधार बिकास समितिको संयोजक

सदस्य – उत्खनन क्षेत्र रहेको वडाको वडाध्यक्ष

सदस्य – पुर्वाधार बिकास शाखा प्रमुख

सदस्य – नगरपालिका राजश्व शाखा प्रमुख

सदस्य – नगर प्रहरी प्रमुख

सदस्य सचिव - नगरपालिका बन, वाताबरण तथा विपद व्यवस्थापन शाखा प्रमुख

(५) अनुगमन समितिको बैठक

(क) अनुगमन समितिको बैठक महिनामा कम्तीमा १ पटक र निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापनकार्य सञ्चलन भैरहेको अवस्थामा आबस्यकताअनुसार बस्नेछ । अनुगमन समितिको बैठक आव्हान संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले गर्नेछ ।

(ख) अनुगमन समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(ग) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(घ) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(ङ) अनुगमन समितिले आवश्यकता अनुसार निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(च) अनुगमन समितिको निर्णय संयोजकले प्रमाणित गर्नेछन् ।

(छ) बैठक सम्बन्धी अन्य कार्यविधि अनुगमन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

CamScanner

(६) अनुगमन समितिको काम कर्तव्य र अधिकार

(क) यस कार्यविधि बमोजिम निर्माणजन्य खनिज पदार्थको दिगो उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन तथा नियमन गर्ने।

(ख) निर्माणजन्य खनिज पदार्थको दिगो उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नगर प्रमुख एवं नगर कार्यपालिकाबाट निर्णय भएबमोजिम वा अन्य तोकिएका कार्यहरु गर्ने।

(ग) निर्माणजन्य खनिज पदार्थको दिगो उत्खनन एवं व्यवस्थापन सम्बन्धमा नगर प्रमुख एवं नगर कार्यपालिकालाई सिफारिस गर्ने।

(घ) अनुमती प्राप्त उत्खनन क्षेत्रमा र नगरक्षेत्र भित्र समेत परिचालित भारी ढुवानि र मेसिनरी साधनहरु एवं चालकलाइ नियमन र नियन्त्रण गर्ने।

(ङ) ढुवानि साधनहरु हरुको सञ्चालन रुट, रुट पर्मिट र पटके नियमन र नियन्त्रण गर्ने।

(च) दैनिक उत्खनन अवधी, उत्खनन म्याद र परिमाण नियमन र नियन्त्रण गर्ने।

(छ) दैनिक उत्खनन परिमाण बमोजिम राजश्व सङ्कलन र दाखिला सम्बन्धिकार्यहरु नियमन र नियन्त्रण गर्ने।

(ज) दैनिक उत्खनन परिमाण, राजश्व सङ्कलन, दाखिला र अभिलेखिकरण नियमन र नियन्त्रण गर्ने।

(झ) नियमित रुपमा उत्खनन परिमाण र संकलित राजश्व सम्बन्धमा प्रतिवेदन बुझ्ने र साप्ताहिक रुपमा नगरपालिका कार्यलाय प्रतिवेदन गर्ने ।

(ञ) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धी निर्देशक समिती र नगरपालिका कार्यलायले तोके बमोजिमका अन्यकार्यहरु गर्ने।

(ट) आवश्यकता अनुसार अनुगमन उप समिति गठन गरी परिचालन गर्ने।

(ठ) प्राविधिक समिती परिचालन एवं उत्खनन क्षेत्रमा दैनिक कार्य संपादनकालागी जनशक्ति व्यबस्थपन गर्ने।

(ड) प्राविधिक समितीका पदाधिकारी एवं दैनिक कार्यसंपादनकालागी परिचालित जनशक्तिका लागी अन्य व्यवस्थापकिय कार्यहरू (प्रोत्साहान, सुबिध, खाना, खाजा चिया नास्ता, सञ्चार, मसलन्द, ईन्धन जस्ता कार्यहरु) सम्बन्धमा नगरपालिकालाई सिफारिस गर्ने।

(७) कालिका नगरपालिका क्षेत्रभित्र रहेका प्रस्तावित एवं स्वीकृत उत्खनन क्षेत्रको स्थलगत सर्वेक्षण गर्न, साँध सिमाना छुट्याउन, निर्माणजन्य खनिज पदार्थको परिमाण नापजाप गर्ने लगायत निर्माणजन्य खनिज पदार्थको दिगो व्यवस्थापन कार्य सम्बन्धमा दैनिक कार्यसम्पादनमा सहयोग गर्न एवं यस सम्बन्धमा निर्देशक समिति र अनुगमन समिति बाट माग भै अएका प्राविधिक कार्यहरू सम्पादन गर्न देहायबमोजिम प्राविधिक समिति रहनेछ।

संयोजक - नगरपालिका पुर्वाधार बिकास समितिको संयोजक

सदस्य - बँन, वातावरण तथा विपद व्यवस्थापन साखा साखा अन्तर्गतको कर्मचारी / स. ई. / अ.स. ई.

सदस्य – नगर प्रहरी प्रमुख

सदस्य – नगरपालिका कार्यालयको अमिन

द्रष्टव्य: उल्लेखित प्राविधिक समितीमा उत्खनन क्षेत्र रहेको वडाको वडाध्यक्ष, वडाको सचिव र वडाको प्राविधिक (स. ई. /अ.स: ई.) पदेन सदश्य रहनेछन्। नगरपालिका बन, वातावरण तथा विपद व्यवस्थापन साखाको अन्तर्गतको कर्मचारीले आवश्यकता अनुसार सदश्य सचिवको कार्य गर्नेछ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

CamScanner

## ६. निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी सर्तहरु:

(१) नगरपालिकाको कुनैपनि क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्दा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७ र यस कार्यविधीको बमोजिम निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन एवम् उत्खनन प्रयोजनका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका अधारमा दिगो व्यवस्थापन तथा उत्खनन कार्य गर्नुपर्ने छ।

(२) निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन / उत्खननकार्य गर्न अनुमति प्राप्त उत्खननकर्ताले यस कार्यविधिको परिधिभित्र रहि अनुगमान समितिको निर्देशन बमोजिम उल्लेखित कार्य नियमनकालागि खटिएका प्रतिनिधी एवम् कर्मचारिहरु सँग समन्वय र उपस्थितिमा निर्माणजन्य खनिज पदार्थ उत्खनन एवम् व्यवस्थापन कार्य गर्नुपर्ने छ।

(३) नदी / खोला लागयत संवेदनसिल क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन / उत्खननकार्य गर्दा अनुमति प्राप्त उत्खननकर्ताले देहायबमोजिम प्रावधानहरु अनिवार्य रुपामा पालन गर्नुपर्नेछ।

(क) नदी / खोलाको बहाव क्षेत्र बाहेक नदीले निर्माणजन्य खनिज पदार्थ थुपारी बनाएको बगर / टापु /नदी उकास / खोला उकास लागाबतका उत्खनन क्षेत्रबाट उत्खनन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको उत्खनन क्षेत्रबाट तोकिएको लम्बाई, चौडाई र गहिराईसम्म मात्र निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्नुपर्नेछ। यसरी उत्खनन गर्दा नदी / खोलाको वास्तविक / प्राकृतिक सतह (Bed Level) भन्दा गहिराई हुनेगरी उत्खनन गर्न पाईनेछैन।

(ख) नदी / खोलाको वास्तविक किनारा वा उत्खनन क्षेत्रको सँध सिमानाबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएबमोजिम सेटव्याक छाडेरमात्र निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्नुपर्नेछ।

(ग) पक्की मोटर पुल, सिंचाई, खानेपानी लगायत योजनाको इन्टेकको Up stream वा Down stream क्षेत्रमा निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन / उत्खननकार्य गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको निषेधित क्षेत्र र उल्लेखित दूरीभित्रबाट कुनैपनि किसिमबाट निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्न पाईनेछैन।

(घ) नदी /खोलाको बहाव परिवर्तन हुनेगरी नदी वा खोलालाई Divert गरि उत्खनन गर्न पाइने छैन। विशेष परिस्थितिमा यदि नदीको प्रकृतिक बहाव परिवर्तन गर्नुपर्ने भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम स्वीकृती प्रदान गरिनेछ। यसप्रकार स्वीकृती प्रदान गर्दा नगरपालिकाले उल्लेखित क्षेत्रको विस्तृत प्राविधिक अध्ययन प्रतिवेदन समेतको आधारम निर्णय लिन सक्नेछ।

(च) सिंचाई कुलो, सडक, खनेपानी, ढलनिकास, विधुतिकरण लगायतका पुर्वाधारहरु तथा अन्य निजी एवम् सार्वजनिक भौतिक संरचनालाई नकारात्मक असर पर्नेगरी निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन / उत्खनन गर्न पाईनेछैन।

(छ) निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम नेपाल सरकारका अन्य नियमक निकायहरुको समेत अनुमति वा सहमती आवश्यकपर्ने भएमा यस प्रकारका रित पुगेरपछी मात्र उत्खनन एवं व्यवस्थापन स्वीकृती प्रदान गरिनेछ।

(४) निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन (उत्खनन ढुवानि तथा स्टक) कार्यमा भारी साधन तथा मेसिनरी औजारको प्रयोग गर्न अनिवार्य रुपमा यस कार्यविधिको दफा – ९, १०, ११, १२ बमोजिमका सर्तहरु [illegible] पुरा गर्नुपर्नेछ।

नगर प्रमुख

(५) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवम् व्यवस्थापन (उत्खनन ढुवानि तथा स्टक) गर्दा कुनै पनि वातावरणिय, मानवीय एवं भौतिक क्षति हुननदिने जिम्मेवारी सम्बन्धित उत्खनन एवं व्यवस्थापन अनुमती प्राप्त उत्खनन एवं व्यवस्थापन कर्ताको हुनेछ । यदी कुनै कारणवस क्षति हुनगएमा सम्पुर्ण क्षतिपुर्तीको जिम्मेवार सम्बन्धित उत्खनन कर्ताको हुनेछ । क्षतिपूर्ति वा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर गरिने छ ।

(६) यस कार्यविधिमा अन्यत्र जेसुकै व्यवस्था भएतापनि दैनिक उत्खनन अवधी बिहान ७।०० बजे देखी बेलुकि ५।०० बजेसम्म मात्र हुनेछ ।

### ७. सार्वजनिक उत्खनन क्षेत्रबाट उत्खनन सम्बन्धी व्यवस्था:

(१) कालिका नगरपालिकाले नगरपालिका क्षेत्रभित्रका विकास एवम् निर्माण कार्यमा प्रयोगगर्न वा नियमानुसार बिक्रि वितरण गरी कालिका नगरपालिकाको आन्तरिक आव बृद्दीगर्न सम्बन्धित उत्खनन क्षेत्रको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा प्रचलित कनुनबमोजिम ठेक्का बन्दोबस्तगरी इजाजत प्राप्त व्याक्ति वा संस्थाबाट सार्वजनिक उत्खनन क्षेत्रको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्नेछ ।

(२) उपदफा – (१) बमोजिम ठेक्का बन्दोबस्तगरी निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन हुन नसकेमा नगर कार्यपालिकाले निर्णयगरी अमानत प्रक्रियाबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्य गर्नेछ । उपदफा – (१) मा जेसुकै व्यवस्था भएतापनि नगर कार्यपालिकालाई अमानत प्रक्रियाबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्न कुनै बाधा पर्नेछैन ।

(३) उपदफा – (१) र (२) बमोजिम निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गर्दा असार, श्रावण र भाद्र बाहेकका महिनाहरुमा मात्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको परिधीभित्र रही निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन गरिनेछ ।

(४) उपदफा – (१) र (२) बमोजिम उत्खनन अनुमतिप्राप्त उत्खनन कर्ताले भारी उत्खनन र ढुवानिका साधनहरु प्रयोगगर्न अनिवार्य रुपमा दफा – (९) र (११) बमोजिम सर्तहरु पुरा गरी उत्खनन र ढुवानिका साधनहरु प्रयोग अनुमती प्राप्त गरेपछीमात्र दिगो व्यवस्थापन आदेश दिइनेछ ।

(५) उपदफा – (१) (२) (३) र (४) बमोजिम निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन, अनुगन, मुल्याङकन निर्देशन एवम् व्यवस्थापन लागाएतका कार्यसम्पादन यस कार्यबविधी र दफा – ५ बमोजिमका निर्देशक समिति र अनुगमन समिति बाट गरिनेछ ।

(६) उत्खनन कर्ताले स्विकृति उत्खनन समयावधी पस्चात र उत्खनन म्यद समाप्त भएपछि उत्खनन स्थल वातावरण मैत्री हिसावले सफाई तथा व्यवस्थापन गर्नुपर्ने छ । वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ ।

### ८. निजी उत्खनन क्षेत्रबाट व्यवसायिक रुपमा उत्खनन सम्बन्धी व्यवस्था:

(१) कालिका नगरपालिका क्षेत्रभित्र रहेका निजी उत्खनन क्षेत्रबाट व्यवसायिक रुपमा निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन तथा उत्खनन गर्न माग भै आएको अवस्थामा प्रभाकारी रुपमा कालिका नगरपालिकाको आन्तरिक आव बृद्दीहुने एवम् निजी उत्खनन क्षेत्रमा रहेको निर्माणजन्य खनिज पदार्थको दिगो व्यवस्थापन हुने देखिएमा



प्रमाणीकरण मिति २०८१ / ०९ / २१

प्रमुख

नगरपालिकाले यस कार्यविधि र प्रचलित कानुनको परिधी भित्र रही अधिकार प्राप्त ब्यक्ति वा संस्थालाई प्रस्तावित निजी उत्खनन क्षेत्रबाट व्यवसायिक रुपमा निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन स्विकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रयोजनकालागी सम्वन्धित उत्खनन कर्ताले प्रस्तावित उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ उत्खनन तथा व्यवस्थापन प्रयोजनका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका साथ अनुसुचि – १ बमोजिम तोकिएका कागजातहरु समेत सम्लग्नगरी नगरपालिकामा प्रस्ताव / निवेदन पेश गर्नुपर्ने छ। उत्खनन कर्ताले निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं ढुवानि कार्यकालागि भारी मेसिनरी साधनहरु प्रयोग गर्नुपर्ने अवस्थामा दफा – १०र १२ बमोजिम प्रस्ताव / निवेदन पेश गर्नुपर्ने छ।

(३) उपदफा – (२) बमोजिम पेशभएको प्रस्ताव उपर दफा – ५ (४) बमोजिमको अनुगमन समितिले प्रस्तवित उत्खनन क्षेत्रको स्थलग अनुगमन गरि उत्खनन अनुमति दिने, नदिने वा आम्सिक रुपमा दिने सम्बन्धमा नगर प्रमुख समक्ष सिफारिस गर्नेछ। यसप्रकार सिफारिस गर्नुपर्व वातावरणीय अध्ययन प्रतिवेदन औल्याएका उत्खनन पुर्व सम्पादन गर्नुपर्ने वातावरण संरक्षण सम्बन्धी प्रावधानहरु पुरा गराइनेछ। अन्यथा अनुगमन समितिले अनुमतिकालागि सिफारिस गर्न वाध्य हुनेछैन।

(४) उपदफा – (२) र (३) बमोजिम सिफारिस गर्दा उत्खनन क्षेत्र, उत्खनन परिमाण, कुल उत्खनन अबधी (मिति / म्याद), दैनिक उत्खनन समयावधी लागायतका प्रावधानहरु सहित सिफारिस गर्ने छ। यस प्रकार कुल उत्खनन अबधी (मिति / म्याद) प्रथम पटककालागि बढिमा सात दिन र दैनिक उत्खनन समयावधी बिहान सात बजे देखी बेलुकी पाँच बजेसम्म भन्दा बढि हुनेछैन।

(५) अनुगमन समितिले उपदफा – (४) बमोजिम उत्खनन क्षेत्र निर्धारण गर्न एवं परिमाण मापन लगयतका स्थलगत कार्यसम्पादन गर्न आवश्यकता अनुसार दफा – ५ (७) बमोजिमको प्राविधिक समिति परिचालन गर्न सक्नेछ।

(६) उपदफा – (४) र (५) बमोजिम सिफारिसका आधारमा नगर प्रमुखबाट उत्खनन अनुमति प्रदान गरिनेछ। यसप्रकार अनुमतिप्राप्त उत्खननकर्ता र कलिका नगरपालिका बिच अनुसुचि – २ बमोजिम दिगो व्यवस्थापन सम्झौता हुनेछ।

(७) उपदफा – (६) बमोजिम उत्खनन अनुमतिप्राप्त उत्खनन कर्ताले राजश्व एवं जरिवना अनुसुचि – "क" अनुसार धरौटी / राजश्व बुझाई उत्खनन र ढुवानिका साधनहरु प्रयोग सम्बन्धमा दफा – १० र १२ बमोजिम सर्तहरु पुरा भएपछीमात्र अनुसुचि – ३ बमोजिम उत्खनन एवम् दिगो व्यवस्थापन आदेश दिइनेछ।

(८) उपदफा - (६) र (७) बमोजिम स्वीकृत म्याद भित्र विशेष परिस्थितिको श्रृजना भै तोकिएको परिमाण अनुसार उत्खनन सम्पन्न हुननसकेको खण्डमा उत्खनन कर्ताले उचित कारण सहित अनुसुचि – ४ बमोजिम उत्खनन अबधी (मिति / म्याद) थपकालागि मागगर्न सक्नेछ। तर यसप्रकार उत्खनन अबधी (मिति / म्याद) थप गर्न गर्न नगरपालिका बाध्यहुनेछैन।

(९) उपदफा – (८) बमोजिम उत्खनन अबधी (मिति / म्याद) थप गर्न माग गरेको अबस्थामा दुइ पक्षबिचको सम्झौता र यस कार्यविधीको अधीनमा रहि नगरस्तरिय अनुगमन समितिले एक पटककालागि मात्र बढिमा सात दिन उत्खनन अबधी (मिति / म्याद) थप गर्न सिफारिस गर्न सक्नेछ। यस प्रकार उत्खनन अबधी थप सम्बन्धमा अनुगमन समितिले आवश्यकता अनुसार दफा – ५ (७) बमोजिमको प्राविधिक समिति परिचालन गर्न सक्नेछ। यस प्रकार सिफारिस समतको आधारमा राजश्व एवं जरिवना अनुसुचि – "क" अनुसार राजश्व / शुल्क दाखिला गराई नगरप्रमुखबाट उत्खनन अबधी (मिति / म्याद) थप गर्नसकिने छ।

(१०) म्याद थप समेत कुल उत्खनन अबधी (मिति / म्याद) १५ (पन्ध्र) दिन भन्दा बढि लाग्ने अबस्थामा निर्देशक समिति र अनुगमन समितिको अनुगमन प्रतिवेदन र एवम् सिफारिस का आधारमा नगरकार्यपलिकाको निर्णय बमोजिम हुने छ।

नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २१

(११) उपदफा – (१०) बमोजिम नहुने अवस्थामा उल्लेखित उत्खनन क्षेत्रबाट पुनः व्यवसायिक रुपमा निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन स्विकृतिकालागी उपदफा – (२) बमोजिमकै नयाँ प्रकृया अपनाउनु पर्नेछ।
(१२) उत्खनन कर्तालै स्वीकृत उत्खनन समयावधी पस्चात र उत्खनन म्याद समाप्त भएपछि उत्खनन स्थल वातावरण मैत्री हिसाबले सफाई तथा व्यवस्थापन गर्नुपर्ने छ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

**९. सार्वजनिक उत्खनन स्थलमा भारी ढुवानी साधन प्रयोग सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधीको दफा – (६) र (७) बमोजिम निर्माणजन्य खनिज पदार्थ उत्खनन एवम् व्यवस्थापन प्रयोजनार्थ उत्खनन स्थल देखी कालिका नगरपालिका क्षेत्रभित्र तोकिएको भण्डारण वा बिक्री स्थल सम्म ढुवानीगरी लैजान भारी ढुवानीसाधन प्रयोग अनुमति दिन सकिनेछ। कालिका नगरपालिका क्षेत्र बाहिरको भण्डारण वा बिक्री स्थल सम्म ढुवानीगरी लैजाने सम्बन्धमा सम्बन्धित पालिका वा निकायले तोके बमोजिम हुनेछ।
(२) उपदफा – (१) बमोजिम भारी ढुवानीसाधन प्रयोगको अनुमतिका लागी सम्बन्धित सेवाग्रहीले अनुसुचि – ५ र ६ बमोजिम हरेक ढुवानी साधनको छुट्टाछुट्टै अभिलेख विवरण पेस गर्नुपर्नेछ।
(३) उपदफा – (२) बमोजिम प्रस्तावित भारी ढुवानीसाधन प्रयोग अनुमति दिने, नदिने एवं कती संख्यामा, कस्तो प्रकृतिको साधन, सम्बन्धित साधनको सवारि चालक, दैनिक सञ्चालन समयावधी, सञ्चालन म्याद आदिका सम्बन्धमा निर्देशक समितिको सिफारिसमा नगरकार्यपलिकाबाट भारी ढुवानीसाधन प्रयोग अनुमति प्रदान गरिनेछ। यसप्रकार सिफारिस गर्दा भारी ढुवानीसाधन प्रयोग गर्ने म्याद र दैनिक प्रयोग समयावधी र म्याद बढिममा दफा – ७ (१) र (२) बमोजिम सम्झौतामा उल्लेखित भन्दा बढी हुनेछैन।
(४) उपदफा – (३) बाहेक थप संख्यामा भारी ढुवानीसाधन आवश्यक भएमा सम्बन्धित सेवाग्रहीले भारी ढुवानीसाधन को संख्या, प्रकृती र थपगर्नुपर्ने कारण खुलेको निवेदन सहित अनुसुचि – ६ बमोजिम भारी ढुवानीसाधनहरुको अभिलेख विवरण सम्लग्नगरी संख्या थपकालागि माग गर्न सक्नेछ। तर यस प्रकार भारी ढुवानीसाधनको संख्या थपगर्ने अनुमति प्रदानगर्न नगरपालिका बाध्यहुनेछैन। यसप्रकार भारी ढुवानीसाधनहरु थप गर्दा
(५) उपदफा – (३) बमोजिम माग गरेको अवस्थामा सम्बन्धित सेवाग्रही सँगको सम्झौता समेतका आधारमा निर्देशक समितिले अनुमति दिने, नदिने वा कति संख्यामा कस्तो प्रकृतिको भारी ढुवानीसाधनहरु थप गर्ने सम्बन्धमा नगरपालिकालाई सिफारिस गर्नेछ। यसप्रकार सिफारिसका आधारमा नगरपालिकालाई उचित लागेमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगर कार्यपलिकाले भारी ढुवानीसाधनको संख्या थप गर्न अनुमती दिनसक्नेछ। यसप्रकार सिफारिस गर्दा भारी ढुवानीसाधन प्रयोग गर्ने म्याद र दैनिक प्रयोग समयावधी र म्याद बढिममा दफा – ७ (१) र (२) बमोजिम सम्झौतामा उल्लेखित भन्दा बढी हुनेछैन।
(६) उपदफा – (३) र (५) बमोजिम अनुमति प्रदान गरिएका भारी ढुवानीसाधनहरु वा सम्बन्धित चालक परिवर्तन गर्नुपरेमा सम्बन्धित सेवाग्रहीले उचित कारण सहितको निवेदन र अनुसुचि – ६ बमोजिम अध्यावधिक अभिलेख विवरण पेस गर्नुपर्नेछ। यसप्रकार उपदफा – (३) र (५) बमोजिकै म्याद, दैनिक समयावधी, साधनको प्रकृति र संख्या फरक नपर्ने गरी अनुगमन समिति सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगरप्रमुख बाट भारी ढुवानीसाधनहरु वा सम्बन्धित चालक परिवर्तन अनुमति प्रदान गरिने छ।

नगर प्रमुख

(७) उपदफा – (२) र (४) बमोजिम अनुमति प्रदान गरिएका भारी ढुवानीसाधन सम्बन्धित साधन अभिलेख बमोजिम प्रस्तवित चालकले मात्र सञ्चालन गर्नुपर्नेछ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(८) कुनै एक उत्खनन क्षेत्रकालागि स्वीकृत प्राप्त ढुवानीसाधनहरु स्वीकृत अवधिभर कालिका नगरपालिका क्षेत्रभित्र अन्य उत्खनन स्थलमा प्रयोग गर्न वा यसै प्रकृतिको कार्यमा प्रयोग गर्न पुर्ण रुपमा निषेध गरिएको छ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(९) स्वीकृत दैनिक उत्खनन समयावधी भन्दा बाहेकको समयमा कुनैपनि ढुवानीसाधनहरु उत्खनन क्षेत्रभित्र कुनैपनि हिसाबले राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(१०) ढुवानीसाधनहरु प्रयोग गरी निर्माणजन्य खनिज पदार्थ ढुवनि गर्दा राम्ररि छोपेर बाहिरबाट नदेखिनेगरी ढुवनि गर्नुपर्ने छ। यसप्रकार ढुवनि गर्दा निर्माणजन्य खनिज पदार्थ बाट धुलो उड्ने, पानी चुहिने, हिलो छरिने, दुर्गन्ध फैलिने लागयतका वातावरणीय असर पर्ने गरी ढुवानी गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

द्रष्टव्य - १ नगरपलिकाका आफैले अफ्नै स्वमित्वका ढुवानीसाधनहरु प्रयोग गरी वा नगरपलिकाले भाडा सम्झौता गरी निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापनका प्रयोजनका लागि लागि उपदफा – (२), (३), (४), (५), (६) र (७) लागू हुने छैन

**१०. निजी उत्खनन क्षेत्रमा ढुवानी साधन प्रयोग सम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले यस कार्यविधीको दफा – (६) र (८) बमोजिम निजी उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ उत्खनन एवम् व्यवस्थापन प्रयोजनार्थ उत्खनन स्थल देखी कालिका नगरपालिका क्षेत्रभित्र तोकिएको भण्डारण वा बिक्री स्थल सम्म ढुवानीगरी लैजान भारी ढुवानीसाधन प्रयोग अनुमति दिन सकिनेछ। कालिका नगरपालिका क्षेत्र बाहिरको भण्डारण वा विक्री स्थल सम्म ढुवानीगरी लैजाने सम्बन्धमा सम्बन्धित पालिका वा निकायले तोके बमोजिम हुनेछ।

(२) उपदफा – (१) बमोजिम भारी ढुवानीसाधन प्रयोगको अनुमतिका लागी सम्बन्धित सेवाग्रहीले अनुसुचि – ५ र ६ बमोजिम हरेक ढुवानी साधनको छुट्टाछुट्टै अभिलेख विवरण पेस गर्नुपर्नेछ।

(३) उपदफा – (२) बमोजिम भारी ढुवानीसाधनको संख्या, प्रकृति र सम्बन्धित सवारि चालक समेतको सम्बन्धमा एक उत्खनन क्षेत्रकालागि बढिमा २ (दुई) वटा संख्यामा टिप्पर वा ५ (पाँच) वटा संख्यामा ट्रेक्टर नबढ्ने गरी; प्रयोग गर्ने म्याद र दैनिक प्रयोग समयाबधी दफा – ८ बमोजिम हुने सम्झौतामा उल्लेखित म्याद र दैनिक समायवधी भन्दा नबढ्ने गरी; अनुगमन समितिले सिफारिस गर्नेछ।

(४) उपदफा – (३) बमोजिम सिफारिसका आधारमा नगरप्रमुखबाट भारी ढुवानीसाधन प्रयोग अनुमति प्रदान गरिनेछ।

(५) उपदफा – (४) बमोजिम स्वीकृत संख्या भन्दा बढि भारी ढुवानी साधन आवश्य भएमा सम्बन्धित सेवाग्रहीले भारी ढुवानीसाधन को संख्या, प्रकृती र थपगर्नुपर्ने उचित कारण खुलेको निवेदनका साथ अनुसुचि – ६ बमोजिम अभिलेख विवरण सम्लग्नगरी थप साधनहरुको अनुमति माग गर्न सकिनेछ। तर यस प्रकार थप भारी ढुवानीसाधन अनुमति दिन नगरपालिका बाध्यहुनेछैन।

नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

(६) उपदफा – (५) बमोजिमको माग उचित देखिएमा उपदफा – (५) बमोजिम संख्यामा दोब्बर भन्दा बढी नहुने एवं म्याद र दैनिक प्रयोग समयावधी नबढ्नेगरी अनुगमन समितिको सिफारिसको आधारमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगर कार्यपालिकाले थप भारी ढुवानीसाधन प्रयोग अनुमति प्रदान गर्न सक्नेछ।

(७) उपदफा – (४) र (६) बमोजिम अनुमति प्रदान गरिएका भारी ढुवानीसाधनहरु वा सम्वन्धित चालक परिवर्तन गर्नुपरेमा उचित कारण खुलेको निवेदन र अनुसुचि – ६ बमोजिम अध्यावधिक अभिलेख विवरण पेस गर्नुपर्नेछ। उपदफा – (३) र (५) बमोजिके म्याद, दैनिक समयावधी, साधनको प्रकृति र संख्या परक नपर्ने गरी अनुगमन समिति सिफारिसमा राजध एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराइ नगरप्रमुख बाट भारी ढुवानीसाधनहरु वा सम्वन्धित चालक परिवर्तन अनुमति प्रदान गरिने छ।

(८) उपदफा – (४) र (६) बमोजिम अनुमति प्रदान गरिएका ढुवानीसाधनहरु सम्बन्धित अभिलेख बमोजिम प्रस्तबित चालकले मात्र सञ्चालन गर्नुपर्नेछ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(९) कुनै एक उत्खनन क्षेत्रकालागि स्वीकृत प्राप्त ढुवानीसाधनहरु स्वीकृत अवधिभर कालिका नगरपालिका क्षेत्रभित्र अन्य उत्खनन स्थलमा प्रयोग गर्न वा यसै प्रकृतिको कार्यमा प्रयोगगर्न पुर्ण रुपमा निषेध गरिएको छ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(१०) स्वीकृत दैनिक उत्खनन समयावधी भन्दा बाहेकको समयमा कुनैपनि ढुवानीसाधनहरु उत्खनन क्षेत्रभित्र कुनैपनि हिसाबले राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(११) ढुवानीसाधनहरु प्रयोग गरी निर्माणजन्य खनिज पदार्थ ढुवनि गर्दा राम्ररि छोपेर बाहिरबाट नदेखिनेगरी ढुवनि गर्नुपर्न छ। यसप्रकार ढुवनि गर्दा निर्माणजन्य खनिज पदार्थ बाट धुलो उड्ने, पानी चुहिने, हिलो छरिने, दुर्गन्ध फैलिने लागयतका वातावरणीय असर पर्ने गरी ढुवानी गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(१२) दफा – (८) बमोजिम उत्खनन अवधि / म्याद थप भएको अवस्थामा उत्खनन कर्ताले ढुवानीसाधन प्रयोग अनुमतिको समयावधी (मिती / म्याद) थपका लागि माग गर्न सक्नेछन। तर यस प्रकारको म्याद थपगर्ने कार्य संझौतामा उल्लेखित अवधि / म्याद नबढ्ने गरी राजश्व एवं जरिवना अनुसुचि – "क" अनुसार राजश्व / शुल्क लिई भारी ढुवानीसाधनको म्याद थप गर्नसकिनेछ। भारी ढुवानीसाधनको म्याद थप सम्बन्धि व्यबस्था उपदफा – (२) बमोजिम नै हुनेछ।

द्रष्टव्य – १ नगरपलिकाका अफ्नै स्वमित्वका ढुवानीसाधनहरु प्रयोग गरी निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन प्रयोजनका लागि उपयोग भएको अवस्थामा दफा –१० लागू हुने छैन।

**११.सार्वजनिक उत्खनन क्षेत्रमा भारी मेसिनरी प्रयोग सम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले यस कार्यविधीको दफा – ६ को अधीनमा रहि दफा – ७ बमोजिम सार्वजनिक उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन एवम् उत्खनन प्रयोजनार्थ बातावरण मैत्री बिधी अपनाई तोकिएको परिमाण र उत्खनन स्थलमा उत्खननकार्य सामान्यतया हाते औजारहरु जस्तैः कुटो, कोदालो, गैचि, बेल्चा, साबेल आदिबाट गर्नुपर्ने छ।

प्रमाणीकरण मिति २०८१ / ०१ / २१

नगर प्रमुख

(२) उपदफा – (१) मा जे सुकै लेखिएको भएतापनी नगरपालिकाले आयोजनाहरु सञ्चालन कार्यलाई थप गति प्रदान गर्न, राजश्व सङ्कलन कार्यलाई थप व्यवस्थित गर्न र उत्खनन समयावधि र मुल्य कमगर्ने उदेश्य अनुरुप नकारात्मक वातावरणीय प्रभाव न्यनिकरणका बिधिहरु अपनाइ निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्नकालागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा देहायका अवस्थामा भारी मेसिनरी उपकरण प्रयोग गर्ने दिन सकिने छ।

(क) बाढी, पहिरो तथा जल उत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिशमा उक्त क्षेत्रको पदार्थ हटाउन।

(ख) सार्वजनिक विकास निर्माणको आयोजनाका लागि उक्त आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन मा उल्लेख भए बमोजिमको परिमाणको निर्माणजन्य खनिज पदार्थ व्यवस्था गर्न,

(ग) नगरपालिका क्षेत्रभित्रका विकास निर्माण कार्यमा प्रयोगगर्ने प्रयोजनको लागि सम्बन्धित उत्खनन क्षेत्रको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन मा उल्लेख भएबमोजिम परिमाणको निर्माणजन्य खनिज पदार्थ, प्रतिवेदनमा उल्लेखित शर्तहरुको अधीनमा रही उत्खनन गर्न।

(२) उपदफा – (१) बमोजिम भारी मेसिनरी औजार प्रयोगको अनुमतिका लागी सम्बन्धित सेवाग्रहीले निबेदन सहित अनुसुचि – ५ र ६ बमोजिम हरेक मेसिनरी साधनको छुट्टाछुट्टै अभिलेख विवरण पेस गर्नुपर्नेछ।

(३) उपदफा – (२) बमोजिम भारी मेसिनरी औजार प्रयोग अनुमति दिने, नदिने एवं मेसिनरी औजारहरुको संख्या, प्रकृतिको र सम्वन्धित चालक समेतको सम्बन्धमा निर्देशक समितिको सिफारिसमा नगर कार्यपलिकाबाट भारी मेसिनरी औजार प्रयोग अनुमति प्रदान गरिनेछ। यसप्रकारको भारी मेसिनरी औजार प्रयोग गर्ने म्याद र दैनिक प्रयोग समयावधी सम्वन्धमा दफा – ७ (१) बमोजिम को अवस्थामा सम्झौतामा उल्लेखित समयाबधी भन्दा बढी हुनेछैन तर दफा – ७ (१) बाहेक अन्य सार्वजनिक कार्यकालागी नगर कार्यपलिकाबाट तोके बमोजिम बमोजिम हुनेछ।

(४) भारी मेसिनरी औजारको संख्या थप गर्न सम्बन्धित सेवाग्रहीले कारण खुलेको निवेदन र अनुसुचि – ६ बमोजिम अभिलेख विवरण सहित संख्या थपकालागि माग गर्न सक्नेछ। तर यस प्रकार भारी मेसिनरी औजारको संख्या थपगर्ने अनुमति प्रदानगर्न नगरपालिका बाध्यहुनेछैन।

(५) उपदफा – (४) बमोजिम मागगरेको अबस्थामा सम्बन्धित सेवाग्रही सँगको सम्झौता समेतका आधारमा निर्देशक समितिले अनुमति दिने, नदिने वा कति संख्यामा कस्तो प्रकृतिको भारी मेसिनरी औजारहरू थप गर्ने सम्बन्धमा नगरपालिकालाई सिफारिस गर्नेछ। यसप्रकार सिफारिसका आधारमा नगरपालिकालाई उचित लागेमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगर कार्यपलिकाबाट भारी मेसिनरी औजारको संख्या थप गर्न अनुमती दिनेछ।

(६) उपदफा – (३) बमोजिम अनुमति प्रदान गरिएका भारी मेसिनरी औजार वा सम्वन्धित चालक परिवर्तन गर्नुपरेमा उचित कारण खुलेको निवेदन सहित अनुसुचि – ६ बमोजिम अध्यावधिक अभिलेख विवरण पेस गर्नुपर्नेछ। उपदफा – (३) र (५) बमोजिकै म्याद, दैनिक समयावधी, साधनको प्रकृति र संख्या परक नपर्ने गरी अनुगमन समितिको सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगरप्रमुख बाट भारी मेसिनरी औजार साधनहरु वा सम्वन्धित चालक परिवर्तन अनुमति प्रदान गरिने छ।

(७) उपदफा – (३) र (५) बमोजिम अनुमति प्रदान गरिएका भारी मेसिनरी औजार सम्बन्धित औजार अभिलेख बमोजिम प्रस्तबित चालकले मात्र सञ्चालन गर्नुपर्नेछ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

नगर प्रमुख





CamScanner

(८) कुनै एक उत्खनन क्षेत्रकालागि स्वीकृत प्राप्त भारी मेसिनरी औजारहरु सोहि मिती र समयमा कालिका नगरपालिका क्षेत्रभित्र अन्य उत्खनन क्षेत्रकालागि प्रयोग गर्न वा यसै प्रकृतिको कार्यमा प्रयोग गर्न पुर्ण रुपमा निषेध गरिएको छ । वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ ।

(९) स्वीकृत दैनिक उत्खनन समयावधी भन्दा बाहेकको समयमा कुनैपनि भारी मेसिनरी औजार हरु उत्खनन क्षेत्रभित्र कुनैपनि हिसाबले राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन । वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ ।

द्रष्टव्य -१ नगरपलिकाले अफ्नै स्वमित्वंका वा भाडा सम्झौता गरी व्यवस्थापन वा उपलब्ध गराएका भारी मेसिनरी औजारहरू का सम्बन्धमा दफा – ११ लागू हुने छैन ।

**१२.निजी उत्खनन क्षेत्रमा भारी मेसिनरी प्रयोग सम्बन्धी व्यवस्था:**

(१) निजी उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापनका लागि उत्खनन कार्यगर्दा सामान्य तथा हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, बेचा, साबेल आदिबाट गर्नुपर्ने छ ।

(२) उपदफा – (१) मा जे सुकै लेखिएको भएतापनी नगरपालिकाको राजश्व सङ्कलन कार्यलाई थप व्यवस्थित गर्न, उत्खनन समयावधी छोटो गर्न र वातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापनका गर्नका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन समेतका आधारमा निजी उत्खनन क्षेत्रबाट भारी मेसिनरी उपकरण प्रयोग गरि निर्माणजन्य खनिज पदार्थ उत्खनन गर्न अनुमति दिन सकिने छ ।

(३) उपदफा – (२) बमोजिम सम्बन्धित सेवाग्राहिसँगको उत्खनन सम्बन्धी सम्झौताको परिधिभित्र रही एक उत्खनन क्षेत्रकालागि बढिमा एउटा भारी मेसिनरी औजार (एक्साभेटर वा ब्याकहो लोडर) प्रयोग गरी उत्खनन अनुमति दिन सकिनेछ । यसप्रकार अनुमति प्राप्तगर्न सम्बन्धित सेवाग्रहीले अनुसुचि – ६ बमोजिम भारी मेसिनरी औजारको अभिलेख विवरण पेस गर्नुपर्नेछ ।

(४) उपदफा – (३) बमोजिम अनुमति दिने, नदिने, कति समायकालागि, कस्तो प्रकृतिको भारी मेसिनरी औजार प्रयोग अनुमति प्रदान गर्ने निर्णय अनुगमन समिति सिफारिसको आधारमा गरिनेछ । यसप्रकार भारी मेसिनरी औजार प्रयोगको अनुमति सिफारिस गर्दा सम्बन्धित सेवाग्रही सँगको उत्खनन सम्बन्धी सम्झौतामा उल्लेखित मिती / म्याद नबढ्नेगरी दैनिक उत्खनन समयावधी तोकी सिफारिस गरिनेछ ।

(५) उपदफा – (४) बमोजिम सिफारिसका आधारमा नगरप्रमुखबाट भारी मेसिनरी औजार प्रयोग अनुमति प्रदान गरिने छ ।

(६) उपदफा – (५) बमोजिम स्वीकृत संख्या भन्दा वढि भारी मेसिनरी औजार अनुमति आवश्य भएमा उचित कारण खुलेको निवेदनका साथ अनुसुचि – ६ बमोजिम अभिलेख विवरण सम्लग्नगरी थप साधनहरुको अनुमति माग गर्न सकनेछ । तर यसप्रकार थप भारी मेसिनरी औजार अनुमति दिन नगरपालिका बाध्यहुनेछैन ।

(७) उपदफा – (६) बमोजिमको माग भएको अवस्थामा अनुगमन समितिले उपदफा – (४) समेतको आधारमा एक उत्खनन क्षेत्रकालागि बढिमा एउटा भारी मेसिनरी औजार (एक्साभेटर वा ब्याकहो लोडर) थपकालागि सिफारिस गर्न सकनेछ । यसप्रकार सिफारिसका आधारमा नगरपालिकालाई उचित र आवश्यक देखिएमा राजश्व एवं जरिवना अनुसुचि



प्रमाणीकरण मिति २०८१ / ०९ / २१

नगर प्रमुख

CamScanner

– "क" बमोजिम बमोजिम शुल्क / राजश्व दाखिला गराई नगर कार्यपालिकाबाट थप भारी मेसिनरी औजार प्रयोग अनुमति प्रदान गरिनेछ।

(८) उपदफा – (५) र (७) बमोजिम अनुमति प्रदान गरिएका भारी मेसिनरी औजारहरु र सम्वन्धित चालक परिवर्तन गर्नुपरेमा उचित कारण खुलेको निवेदनका साथ अनुसुचि – ६ बमोजिम अध्यावधिक अभिलेख विवरण पेस गर्नुपर्नेछ। यसप्रकार परिवर्तनकालागि अनुमति दिदा साबिक बमोजिकै म्याद, दैनिक समयावधी, साधनको प्रकृति, साधनको संख्या फरक नपर्ने गरी अनुगमन समिति सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम शुल्क / राजश्व दाखिला गराई नगरप्रमुख बाट भारी मेसिनरी औजार वा चालक परिवर्तनको अनुमति प्रदान गरिने छ।

(९) उपदफा – (५) (६) र (८) बमोजिम अनुमति प्रदान गरिएका भारी मेसिनरी औजारहरू सम्बन्धित मेसिनरीको अनुसुचि – ६ बमोजिम अभिलेखमा प्रस्तबित चालकले मात्र सञ्चालन गर्नुपर्नेछ। बर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(१०) एउटा उत्खनन क्षेत्रकालागि स्वीकृत प्राप्त भारी मेसिनरी औजार स्वीकृत अवधिभर कालिका नगरपालिका क्षेत्रभित्र अन्य उत्खनन स्थल वा सोहि प्रकृतिको कार्यकालागि प्रयोग गर्न पुर्ण रुपमा निषेध गरिएको छ। बर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(११) अनुमति प्रदानगरिएको दैनिक उत्खनन समयावधी बाहेकको समयमा भारी मेसिनरी औजारहरु कुनैपनि हिसाबले उत्खनन क्षेत्रमा राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन। बर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(१२) उत्खनन कर्ताले भारी मेसिनरी औजार प्रयोग अनुमतिको समयावधी (मिती / म्याद) थपका लागि माग गर्न सक्नेछन। तर यस प्रकारको म्याद थपगर्ने कार्य सम्बन्धित सेवाग्राहिसँगको उत्खनन सम्बन्धी सम्झौता बमोजिम उत्खनन अवधि / म्याद थप भएको अवस्थामा सम्झौता बमोजिम उत्खनन अवधि / म्याद नबढ्ने गरी राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम,राजश्व / शुल्क लिई भारी मेसिनरी औजारको म्याद थप गर्नसकिनेछ।

(१३) उपदफा – (१२) बमोजिम भारी मेसिनरी औजारको म्याद थप सम्बन्धि ब्यबस्था उपदफा – (३) (४) र (५) बमोजिम नै हुनेछ।

द्रष्टव्य - १ – नगरपलिकाले अफ्नै स्वमित्वका वा भाडा सम्झौता गरी व्यवस्थापन वा उपलब्ध गराएका भारी मेसिनरी औजारहरुको हकमा दफा – १२ लागू हुने छैन।

**१३.निजी जमिन व्यवस्थापन सम्बन्धी व्यबस्था:**

(१) कालिका नगरपालिकाले नगरबासिहरुको आफ्नै निजी जमिन (व्यक्तिगत रुपमा लालपुर्जा कायम रहेको जमिन) क्षेत्रभीत्र सिमित हुनेगरी गरिने सामान्य घरायसी कार्य एवम् कृषिकार्यहरुका लागि जमिन सम्याउने, पहिरो पन्छाउने, ढिस्को फाल्ने, बाँझो जमिन खार्ने, नदि कटान नियन्त्रणकार्य, कृषि पेखरी निर्माण एवम् विभिन्न कृषिकर्मका लागि जमिन खन्ने, सम्याउने, गह्राहरु मिलाउने, कान्लाहरु सम्याउने, माटो थुपार्ने जस्ता कार्यहरु गर्न तपसिल बमोजिम सर्तहरुका आधारमा निजी जमिन व्यवस्थापन गर्न अनुमति प्रदानगर्न सक्नेछ।

तपसिलः

(क) आफ्नै नाममा हकभोग निस्सा (लालपुर्जा) कायम रहेको एकै स्थानमा रहेको सँद सिमान जोडिएको जमिन क्षेत्रभित्र मात्र सिमित हुनेगरी जमिन व्यवस्थापन गर्न।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

CamScanner

(ख) बन जंगल, पनिको मुहान, खोला नदिको प्राकृतिक बहाव एवम् जिव जन्तुको प्राकृतिक वासस्थान आदिमा उल्लेख्य नकारात्मक असार नपर्ने गरी निजी जमिन व्यवस्थापन गर्न।

(ग) स्थानिय आवागमन एवम् सँद सधियारको बसोबास तथा दैनिक जिवनयापनमा नकारात्मक प्रभाव नपर्नेगरी निजी जमिन व्यवस्थापन गर्न।

(घ) सार्वजनिक सम्पत्ती, पुर्वाधार, बिकास निर्माण सम्बन्धी संरचनाहरुमा नकारात्मक प्रभान नपर्नेगरी निजी जमिन व्यवस्थापन गर्न।

(च) वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७ एवम् प्रचलित कार्यविधीहरुको बर्खिलाफ नहुनेगरी निजी जमिन व्यवस्थापन गर्न।

(ज) वातावरण संरक्षण ऐन, २०७६ एवम् वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा मात्र यसप्रकारको व्यवस्थापन गर्नुपर्ने देखिएमा सम्बन्धित सेवाग्रहि बाट अनिवार्य रुपाम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरि गराई निजी जमिन व्यवस्थापन गर्न।

(२) उपदफा – (१) बमोजिम देहायबमोजिमका कार्यहरुकालागि निजी जमिन व्यवस्थापन गर्न नगरपालिका बाट कुनैप्रकारको अनुमति लिइरहनु पर्नेछैन।

(क) नियमित कृषि कर्मकालागि खनजोत र जमिन समयाउने कार्य गर्न।

(ख) कृषि कर्म वा अन्य घरायसी प्रयोजनका लागि ४५ (पैतालिस) से. मि. भन्दा गहिराई नबढ्ने गरी खन्न / खाल्डो बनाउन र पुर्न।

(ग) निजि निर्माण कार्यकालागि नक्सा पास अनुमतीमा तोकेबमोजिम गहिराई नबढ्ने गरी जग खन्न र पुर्न तथा अन्य निर्माण कार्य गर्न गराउन।

(३) उपदफा – (२) बमोजिम कार्यहरुकालागी मात्र भारी ढुवानी एवं मेसिनरी औजारको प्रयोग गर्द नगरपालिका सँग अनुमति लिनुपर्ने छैन। तर उपदफा – (२) बहेक कार्यहरुमा भारी ढुवानी एवं मेसिनरी औजारको प्रयोग आवश्यक पर्ने भएमा सम्बन्धित सेवा ग्रहिले निवेदन पेशगरी दफा – (१०) र (१२) बमोजिम अनुमति लिनुपर्ने छ।

(४) उपदफा – (३) बमोजिम कार्य अनुमति दिदा, निबेदकको कार्यप्रकृति र सम्वन्धित वडा कार्यालयको सिफारिस समेतका आधारमा अनुगमन समितिको सिफारिसमा बढीमा सात दिनको समायवधि र बिहान सात बजे देखी बेलुका ५ बजेसम्म मात्र प्रयोग गर्ने गरी, एक निजी क्षेत्रकालागि ढुवानीसाधनको हकमा बढिमा २ (दुई) वटा संख्यामा ट्रेक्टर र भारी मेसिनरी औजारको हकमा बढिमा एउटा भारी मेशीनरी औजार (ब्याकहो लोडर) प्रयोग गर्नेगरी नगरप्रमुखबाट अनुमति दिन सकिनेछ।

**१४.निजी निर्माणजन्य खनिज पदार्थ उपयोग सम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले दफा – (१३) बमोजिम निजी जमिन व्यवस्थापन गर्दा उत्खनन हुने निर्माणजन्य खनिज पदार्थ (माटोजन्य पदार्थ) मध्य उत्खनन भएको सबै परिमाण सम्वन्धित कित्ता भित्र व्यवस्थापन हुन नसक्ने अवस्थामा देहाय बमोजिम माटोजन्य पदार्थको उपयोगगर्न अनुमति दिन सकिनेछ।

(क) कालिका नगरक्षेत्र भित्र दफा – (१३), उपदफा – (१) (क) बाहेक सम्बन्धित जग्गाधनिको नाममा लालपुर्जा कायम रहेको अफ्नै निजी जमिन मा घडेरि पुर्ने वा जमिन व्यवस्थापन प्रयोजनका लागि प्रयोग गर्न।

(ख) बेचबिखन गरी व्यवस्थापन गर्न।



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २१

(२) उपदफा – (१) (क) अनुसार देहाय बमोजिम निजी जमिनमा माटोजन्य पदार्थको उपयोग गर्न सकिने छ।

(क) माटोजन्य पदार्थ उत्खनन भएको जमिन र घडेरी पुर्ने जमिन एकै व्यक्तिको नाममा हकभोग निस्सा (लालपुर्जा) कायम रहेको हुनुपर्नेछ।

(ख) यस प्रकारको अनुमती एकै व्यक्ति वा एकाघर परिवारले एक पटक मात्र प्राप्त गर्नेछ। यस सम्बन्धमा यस प्रकारको सुविधा प्राप्त नगरेको स्वघोसणा निबेदन र सम्वन्धित वडाको सिफारिस पेश गर्नुपर्ने छ।

(ग) यसप्रकार अनुमति बढिमा ७५ (पचहत्तर) घ. मी. सम्म माटोजन्य पदार्थमात्र, बिहान सात बजे देखी बेलुका ५ बजेभित्र, बढिमा तिनदिन समयावधीमा सम्पन्न गर्नेगरी उपयोग गर्नेगरी अनुमति दिन सकिनेछ।

(घ) अन्यत्र जेसुकै लेखिएको भएतापनि यस प्रकार उपयोग गर्न ढुवानीसाधनको हकमा बढिमा १ (एक) वटा संख्यामा टिप्पर वा ट्रेक्टर र भारी मेसिनरी औजारको हकमा बढिमा एउटा भारी मेसिनरी औजार (ब्याकहो लोडर) प्रयोगको सिफारिस गर्न सकिनेछ।

(ङ) अनुगमन समितिले स्थलगत अनुगमन गरी यसप्रकारको अनुमति दिने, नदिने, कति समायकालागि, कति परिमाणमा अनुमति प्रदान गर्ने सम्बन्धमा सिफारिस गर्नेछ।

(च) यसप्रकार उपयोग गर्न सेवाग्रहिले अनुसुचि – ७ बमोजिम निवेदनका साथ अनुसुचिमा तोकिएका कागजपत्रहरु सम्लग्न गरि निवेदन दिनु पर्नेछ।

(छ) अनुगमन समितिको सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व /शुल्क लिई नगरप्रमुख बाट यसप्रकारको अनुमति प्रदान गरिनेछ। यसप्रकार अनुसुचि – ८ बमोजिम निजी जमिन व्यवस्थापन तथा उपयोग आदेश प्रदान गरिनेछ।

(ज) यस प्रकार प्रयोगकालागि भारी ढुवानी साधन र भारी मेसिनरी औजार हरु प्रयोग गर्न दफा – (१०) र (१२) बमोजिम हुनेछ।

(झ) ढुवानीसाधनहरु प्रयोग गरी निर्माणजन्य खनिज पदार्थ ढुवनि गर्दा बाहिरबाट नदेखिनेगरी राम्ररि छोपेर ढुवनि गर्नुपर्ने छ। यसप्रकार ढुवनि गर्दा निर्माणजन्य खनिज पदार्थ बाट धुलो उड्ने, पानी चुहिने, हिलो छरिने, दुर्गन्ध फैलिने लागयतका वातावरणीय असर पर्ने गरी ढुवानी गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(ञ) उपदफा – (४) (छ) बमोजिम स्वीकृत प्राप्त ढुवनि साधनहरु र भारी मेसिनरी औजार सोहि मिती र समयमा कालिका नगरपालिका भित्र अन्य निर्माणजन्य खनिज पदार्थ उत्खनन क्षेत्रकालागि प्रयोग गर्न पुर्ण रुपमा निषेध गरिएको छ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(ट) अनुमति प्रदानगरिएको दैनिक उत्खनन समयावधी बाहेकको समयमा ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु कुनैपनि हिसाबले उत्खनन क्षेत्रमा राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(३) उपदफा – (१) (ख) अनुसार देहाय बमोजिम निजी जमिनबाट माटोजन्य पदार्थको उपयोग गर्न सकिने छ।

(क) नगरपालिका क्षेत्र भित्र सार्वजनिक निर्माण तथा योजनाहरुमा यसप्रकार उपयोग गर्न अनुमति दिइनेछैन।





CamScanner

(ख) यसप्रकार अनुमति बढिमा सात दिन भित्र, बिहान सात बजे देखी बेलुका ५ बजेसम्म मात्र उपयोगकार्य सम्पनन गर्ने गरी राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व / शुल्क लिई अनुमति दिन सकिनेछ।

(ग) अन्यत्र जेसुकै लेखिएको भएतापनि एक निजी क्षेत्रकालागि ढुवानीसाधनको हकमा बढिमा २ (दुई) वटा संख्यामा टिप्पर वा ट्रेक्टर र भारी मेसिनरी औजारको हकमा बढिमा एउटा भारी मेसिनरी औजार (ब्याकहो लोडर) प्रयोगको अनुमति दिन सकिनेछ।

(ख) यसप्रकार उपयोग गर्न सेवाग्रहिले अनुसुचि – ७ बमोजिम निवेदनका साथ अनुसुचिमा तोकिएका कागजपत्रहरु सम्लग्न गरि निवेदन दिन सक्नेछन्।

(ङ) यस प्रकार प्रयोगकालागि भारी ढुवानी साधन र भारी मेसिनरी औजार हरु प्रयोग गर्न दफा – (१०) र (१२) बमोजिम प्रकृया पुरा गर्नु पर्ने छ।

(च) अनुगमन समितिले स्थलगत अनुगमन गरी यसप्रकारको अनुमति दिने, नदिने, कति समायकालागि, कति परिमाणमा अनुमति प्रदान गर्ने सम्बन्धमा सिफारिस गर्नेछ।

(छ) अनुगमन समितिको सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व / शुल्क लिई नगर प्रमुख बाट यसप्रकारको अनुमति एवम् अनुसुचि – ८ बमोजिम निजी जमिन व्यवस्थापन तथा उपयोग आदेश प्रदान गरिनेछ।

(ज) ढुवानीसाधनहरु प्रयोग गरी निर्माणजन्य खनिज पदार्थ ढुवनि गर्दा बाहिरबाट नदेखिनेगरी राम्ररि छोपेर ढुवनि गर्नुपर्ने छ। यसप्रकार ढुवनि गर्दा निर्माणजन्य खनिज पदार्थ बाट धुलो उड्ने, पानी चुहिने, हिलो छरिने, दुर्गन्ध फैलिने लागयतका वातावरणीय असर पर्ने गरी ढुवानी गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(झ) उपदफा – (५) (ङ) बमोजिम स्वीकृत प्राप्त ढुवनि साधनहरु र भारी मेसिनरी औजार सोहि मिती र समयमा कालिका नगरपालिका भित्र अन्य निर्माणजन्य खनिज पदार्थ उत्खनन क्षेत्रकालागि प्रयोग गर्न पुर्ण रुपमा निषेध गरिएको छ। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(ञ) अनुमति प्रदानगरिएको दैनिक उत्खनन समयावधी बाहेकको समयमा ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु कुनैपनि हिसाबले उत्खनन क्षेत्रमा राख्न, तैनाथ गर्न वा पर्किङ गर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(४) उपदफा – (३) अनुसार एक निजी जमिनमा क्षेत्रबाट एक आर्थिक वर्षमा बढीमा ३०० (तिन सय) घन मिटर वा प्रविधिक समितिले नपजाँच गरी व्यवस्थापन गर्न सकिने भनि तोकेको परिणाम मध्य घटि परिमाणको हदसम्म मात्र माटोजन्य पदार्थको उपयोग गर्न सकिने छ।

**१५.स्टक प्रमाणित सम्बन्धी व्यवस्था।**

(१) नगरपालिकाले देहायबमोजिम व्यक्तिगत वा संस्थागत रुपमा नगरक्षेत्र भित्र स्टक गरिएका निर्माणजन्य खनिज पदार्थको स्टक प्रमाणित गर्न सक्नेछ।

नगर प्रमुख

(क) व्यक्ति वा संस्थाले स्टक गरेको निर्माणजन्य खनिज पदार्थ प्रचलित कानुन बमोजिम उत्खनन अनुमति प्राप्त उत्खनन स्थल (श्रोत) बाट स्वीकृत म्याद र समयावधी भित्र सम्बन्धित निकायमा नियमानुसार राजश्व तिरी सङ्कलन गरेको हुनुपर्ने छ ।

(ख) आफ्नै नाममा हकभोग निस्सा (लालपुर्जा) कायम रहेको वा स्टककर्ताले स्टकगर्ने प्रयोजनका लागि भाडा सम्झौता गरेको निजी जमिन क्षेत्रभित्र स्टक गरको गर्नुपर्ने छ । सडक किनारा वा सार्वजनिक जमिन क्षेत्रमा स्टकगर्न पाइनेछैन ।

(ग) बन जंगल, पानिका मुहान, खोला-नदिको बहाव, पर्यावरण, जिवजन्तुको प्राकृतिक वासस्थान आदिमा नकारात्मक असार पर्ने गरी स्टक गर्न पाइनेछैन ।

(घ) स्थानिय आवागमन, सँद सधियारको बसोबास तथा छर छिमेकिको दैनिक जिवनयापनमा अवरोध हुने, प्रतिकुल प्रभाव पर्ने एवम् नकारात्मक प्रभाव पर्ने गरी स्टक गर्न पाइनेछैन ।

(ङ) सार्वजनिक सम्पत्ती, पुर्वाधार, बिकास निर्माण सम्बन्धी संरचनाहरुमा प्रतिकुल प्रभाव पर्ने एवम् नकारात्मक असरगर्ने गरी स्टकगर्न पाइनेछैन ।

(च) कुनै जमिन क्षेत्रभित्र प्रमाणित भएको स्टक परिमाण पुर्णरुपमा व्यवस्थापन वा बिक्रिवितरण सम्पन्न भएपछि मात्र उल्लेखित जमिन क्षेत्रभित्र रि स्टक गर्न पाइने छ ।

(छ) वातावरण संरक्षण ऐन, २०७६ एवम् वातावरण संरक्षण नियमावली, २०७७ को बर्खिलाफ हुनेगरी पर्ने गरी स्टक गर्न पाइनेछैन ।

(ज) वातावरण संरक्षण ऐन, २०७६ एवम् वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम स्वीकृत वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित सेवाग्रहि बाट अनिवार्य रुपाम वातावरणिक अध्ययन प्रतिवेदन स्वीकृत गरी स्टक गर्नुपर्ने छ ।

(२) नगरपालिकाले उपदफा (१) अनुसार देहायबमोजिम प्रकृया पुरागरी व्यक्तिगत वा संस्थागत रुपमा भण्डारण गरेको निर्माणजन्य खनिज पदार्थको स्टक प्रमाणित गर्न सक्नेछन् ।

(क) स्टक प्रमाणित गर्न सेवाग्रहिले अनुसुचि – ९ बमोजिम निवेदनका साथ अनुसुचिमा तोकिएका कागजपत्रहरु सम्लग्न गरि निवेदन दिनु पर्नेछ । यसप्रकार निवेदनका साथ अनुमति प्राप्त उत्खनन स्थल (श्रोत) बाट स्वीकृत म्याद र समयावधी भित्र सम्वन्धित निकायमा नियमानुसार राजश्व तिरी सङ्कलन गरेको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

(ख) प्राप्त निवेदन उपर अनुगमन समितिले "प्रविधिका समिती" खटाई स्टक गरिएको स्थान क्षेत्र एकिन गर्न, स्टकको परिमाण मापन गर्नेछ । अनुगमन समितिले स्थलगत अनुगमन गरी स्टक प्रमाणित गर्ने/नगर्ने; कति समयकालागि, कति परिमाण स्टक प्रमाणित गर्ने, सम्बन्धमा नगरपालिकालाई सिफारिस गर्नेछ ।

(ग) श्रोत नखुलेको र आधिकारिकता प्रमाणित हुन नसकेको स्टक परिमाण नगरपालिकाले जफत गरि स्टक कर्तालाई नियमानुसार कार्यवाहि गर्ने छ ।

(ग) अनुगमन समितिको सिफारिस मसेतका आधारमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व / शुल्क लिई नगर कार्यपालिकाले यसप्रकारको स्टक प्रमाणित स्विकृतिकालागी जिल्ला समन्वय समितीमा लेखि पठाउने छ । यसप्रकार स्विकृति प्राप्त स्टकको अनुसुचि – १० बमोजिम प्रमाणपत्र प्रदान गरिनेछ ।

(३) स्टककर्ताले उपदफा (२) बमोजिम स्टक प्रमाणित गरेको निर्माणजन्य खनिज पदार्थ देहायबमोजिम सर्तहरुका आधारमा व्यवस्थापन वा बिक्रिवितरण गर्न सक्नेछन् ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

(क) स्टककर्ताले स्टकमा रहेको सम्पुर्ण परिमाण एकैपटक वा पटक पटक आंशिक परिमाणमा स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न सक्ने छन्। यसप्रकार स्टक व्यवस्थापन वा बिक्रिवितरण गर्न अनुसुचि – ११ बमोजिम निवेदनका साथ तोकिएका कागजपत्रहरु सम्लग्न गरि निवेदन दिनु पर्नेछ।

(ख) प्राप्त निवेदन उपर अनुगमन समितिले "प्रविधिका समिती" खटाई स्टक गरिएको स्थान क्षेत्र पुनः एकिन गर्न, मौजुदा स्टकको परिमाण मापन गर्न सक्नेछ। अनुगमन समितिले स्थलगत अनुगमन गरी यसप्रकारको अनुमति दिने, नदिने, कति समायकालागि, कति परिमाणमा स्टक व्यवस्थापन वा बिक्रिवितरण गर्न अनुमतिदिने सम्बन्धमा नगरपालिकालाई सिफारिस गर्नेछ।

(ग) अन्यत्र जेसुकै लेखिएको भएतापनी यसप्रकार सिफरिस गर्दा उपदफा (२) बमोजिम प्रमाणित परिमाणको परिधिभित्र रहि बढिमा ५ (पाँच) दिनको लागि दैनिक बिहान १० बजेदेखि दिनको ५ (पाँच) बजे भित्रमात्र स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न सिफारिस गर्नेछ।

(घ) अनुगमन समितिको सिफारिसमा राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व / शुल्क लिई नगरप्रमुखबाट स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न नगर प्रमुखबाट अनुमति प्रदान गरिनेछ। यसप्रकार नगरपालिकाले अनुसुचि – १२ बमोजिम स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न अनुमति आदेश प्रदान गरिनेछ।

(ङ) उपदफा (३) (ग) बमोजिम स्वीकृत परिमाण को स्टक र स्वीकृत समयावधी भित्रनै सम्पन्न गर्नुपर्ने छ, अन्यथा स्वीकृत परिमाण बराबरको स्टक व्यवस्थापन वा बिक्रिवितरण कार्य सम्पन्न भएको मानिने छ।

(च) प्रमाणित परिणामको स्टक मध्य मौज्दात स्टक व्यवस्थापन वा बिक्रिवितरण गर्न उपदाफ – ३ (क) (ख) (ग) र (घ) बमोजिम पुनः अनुमति र आदेश लिनुपर्नेछ।

(छ) उपदफा (२) बमोजिम स्वीकृत स्टक परिमाण मध्य उपदफा (३) (क) (ख) (ग) (घ) र ङ) बमोजिम स्टक व्यवस्थापन गर्ने वा बिक्रिवितरण कार्य सम्पन्न हुदा बखत परिमाण बँकि रहेको हद सम्म नगरपालिकाले जफत गर्ने छ।

(ज) यस प्रकार स्टक व्यवस्थापन गर्ने वा बिक्रिवितरण कार्य कालागि भारी ढुवानी साधन र भारी मेसिनरी औजार हरु प्रयोग गर्न दफा – (१०) र (१२) बमोजिम अनुमति र आदेश लिनुपर्नेछ। तर अन्यत्र जेसुकै लेखिएको भएतापनि राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम राजश्व / शुल्क लिई एक स्टक क्षेत्रकालागि ढुवानीसाधनको हकमा बढिमा २ (दुई) वटा संख्यामा टिप्पर वा ट्रेक्टर र भारी मेसिनरी औजारको हकमा बढिमा एउटा भारी मेसिनरी औजार (ब्याकहो लोडर) प्रयोग अनुमति दिइने छ।

(ट) अनुमति प्रदानगरिएको दैनिक उत्खनन समयावधी बाहेकको समयमा ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु कुनैपनी हिसाबले स्टक क्षेत्रमा राख्न, तैनाथ गर्न वा पर्किङ गर्न र स्वीकृत समयावधिभित्र नगरपालिका क्षेत्रमा यसै प्रकृतिको अन्यत्र कार्यमा प्रयोगगर्न पाईने छैन। वर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ।

(ध) यस प्रकार प्रयोगकालागि भारी ढुवानी साधन र भारी मेसिनरी औजारहरू प्रयोग गर्न दफा – (१०) र (१२) बमोजिम हुनेछ।

(ठ) ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु थपगर्ने सम्बन्धमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुने छ।

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख



CamScanner

**१६.पुर्वाधार विकास सम्बन्धि योजना निर्माणमा हुने उत्खनन व्यवस्थापन सम्बन्धी व्यवस्था ।**

(१) कालिका नगरक्षेत्र भित्र कालिका नगरपालिका कार्यालय वा अन्य सरकारी एवं गैर सरकारी निकाय बाट विभिन्न पुर्वाधार विकास एवं निर्माणजन्य योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा उत्खनन हुने निर्माणजन्य खनिज पदार्थ ( माटो, ग्रेभेल, बोल्डर आदि) व्यवस्थापन सम्बन्धमा यस कार्यविधिको दफा – (६) मा तोकिएका उत्खनन सम्बन्धी सर्तहरु समेतको परिधिभित्र रही व्यवस्थापन गर्न अनुमती दिन सकिनेछ ।

(२) उप दफा (१) बमोजिम अनुमतीका लागी योजना सञ्चालक, योजना सञ्चालनार्थ कालिका नगरपालिका कार्यालय वा अन्य सरकारी निकायसँग सार्वजनिक खरिद ऐन – २०६३ र सार्वजनिक खरिद नियमावली– २०६४ बमोजिम योजना सञ्चालनगर्न सम्झौता भै अनुमती/कार्यदेश प्राप्त निर्माण समिती, उपभोक्ता समिती वा निर्माण व्यवसायि हुनुपर्ने छ ।

(३) गैर सरकारी निकाय को हकमा उप दफा (१) बमोजिम अनुमतीका लागी योजना सञ्चालकले सम्बन्धित सरकारि निकाय सँग प्रचलित कानुनबमोजिम योजना सञ्चालनगर्न सम्झौता भै अनुमती/कार्यदेश प्राप्त गरेको एवं सञ्चालनगर्न कालिका नगरपालिका कार्यालय बाट नियमानुसार अनुमती/सहमती प्राप्त गरेको हुनुपर्ने छ ।

(४) उप दफा (२) र (३) बमोजिम अनुमती दिदा उत्खनन हुने निर्माणजन्य खनिज पदार्थ सोहि योजनामा प्रयोग हुने परिमाणको हद सम्म नगरपालिकाले तोके बममोजिमको राजश्व दाखिला गरी प्रयोग गर्न सकिने छ ।

(५) उपदफा (४) बमोजिम अनुमती प्राप्त कुनै योजनामा खपतहुन नसक्ने परिमाणको उत्खनित निर्माणजन्य खनिज पदार्थ व्यवस्थापनको हकमा मात्र योजना सञ्चालकले सम्बन्धित योजना समझौता गरेको निकाय वा साखाको सिफारस एवं अनुगमन समितीको सिफारिसमा नगरपालिकाले तोके बममोजिमको राजश्व दाखिला गरी अन्यत्र योजनागा प्रयोग गर्न अनुमती दिन सकिनेछ । यसप्रकारको अनुमती अनुगमन समितीको सिफारिसमा प्रमुख प्रशाकिय अधिकृतबाट प्रदान गरिनेछ ।

(६) उप दफा (५) बमोजिम व्यवस्थापन हुन नसकेको उत्खनित निर्माणजन्य खनिज पदार्थको योजना सञ्चालकले सुरक्षित स्थानमा बातानरण मैत्री बिधिबाट व्यवस्थापन गर्नुपर्नेछ ।

(७) उप दफा (५) बमोजिम प्रयोजनकालागी योजना सञ्चालकले भारी ढुवानी र मेसिनरी औजारहरू प्रयोग गर्न दफा – (१०) र (१२) बमोजिम अनुमति लिनुपर्नेछ । अन्यत्र जेसुकै लेखिएको उप दफा (५) बमोजिम प्रयोजनकालागी ढुवानीसाधनको हकमा बढिमा १ (एक) वटा संख्यामा टिप्पर वा ट्रेक्टर र भारी मेसिनरी औजारको हकमा बढिमा १ (एक) वटा संख्यामा ब्याकहो लोडर वा एक्साभेटर प्रयोग अनुमति प्रदान गरिनेछ । यस सम्बन्धमा उल्लेखित योजना सञ्चालनार्थ उप दफा (५) बाहेक प्रयोजनकालागी योजना संझौता र नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(८) उप दफा (७) बमोजिम अनुमति प्रदानगरिएका ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु सम्बन्धी अन्य व्यवस्थहरु दफा – (१०) र (१२) बमोजिम हुनेछन । अनुमति प्रदानगरिएका ढुवनि साधनहरु र भारी मेसिनरी औजारहरु स्वीकृत समयावधिभित्र नगरपालिका क्षेत्रमा अन्यत्र निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं ढुवानी कार्यमा प्रयोगगर्न पाईने छैन । बर्खिलाफ गरेको पाएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना गर्ने छ ।

(९) उपदफा (१) बमोजिम उत्खनन व्यवस्थापन गर्ने आयोजना स्थल कुनैपनि प्रकारको वन क्षेत्रभित्र रहेको अवस्थामा सम्बन्धित निकायको अनुमति एवं सिफारिसमा मात्र यसप्रकारको उत्खनन व्यवस्थापन गर्ने अनुमति दिइनेछ । यस प्रकार अनुमति अनुमति एवं सिफारिस पेश गर्ने दायित्व सम्बन्धित योजना सञ्चालकको हुनेछ ।

नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०१ / ३१



CamScanner

(१०) उपदफा (१) बमोजिम कालिका नगरपालिका क्षेत्र बाहिर उत्खनन व्यवस्थापन गर्ने अवस्थामा सम्बन्धित निकायले तोके बमोजिम हुनेछ। यस प्रकार सम्बन्धित निकायबाट कालिका नगरपालिका क्षेत्र बाहिर उत्खनन व्यवस्थापनका लागी समन्वय गर्ने एवं अनुमति प्राप्त गर्ने दायित्व सम्बन्धित योजना सञ्चालकको हुनेछ।

**१७.अमानत व्यवस्थपन**

(१) कालिका नगरपालिकाले यस कार्यविधिको दफा (७) बमोजिम अफ्नै श्रोत साधन प्रयोग गरी यस कार्यबिधि को अधीनमा रही नियमानुसार राजश्व लिई बिभिन्न ब्यक्ती वा निकायहरुलाई खनिज पदार्थ उपलब्ध गराउन सक्ने छ।

(२) यस प्रकार कार्यकालागि यस कार्यविधिको दफा (२१) बमोजिम जनशक्ती परिचालन गरिने छ।

(३) यस सम्वन्धि अन्य ब्यवस्थ यस कार्यबिधि र नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**१८.ठेक्का व्यवस्थापन।**

कालिका नगरपालिकाले निर्माणजन्य खनिज पदार्थको ठेक्का व्यवस्थापन देहाय बमोजिम गर्नेछ।

(क) निर्माणजन्य खनिज पदार्थ उत्खनन तथ दिगो व्यवस्थापन गर्ने प्रयजनार्थ वातावरणीय आध्यन प्रतिवेदन स्वीकृत भएको क्षेत्रबाट वातावरणीय आध्यन प्रतिबेदनले तोकेको परिमाणमा नबढने गरी र बागमती प्रदेश सरकारले तोकेको राझश्व दररेट बमोजिमा न्युनतम कुल राजश्व रकम निर्धारण गरी आय बढावढ ठेक्का बन्दोवस्त गर्नेछ।

(ख) यस प्रकार ठेक्का बन्दोवस्त सार्वजनिक खरिद ऐन – २०६३ र सार्वजनिक खरिद नियमावली – २०६४ को प्रावधान बमोजिम PPMO eGp प्रणाली मार्फत आय रकम बढावढ ठेक्का आव्हान, मुल्याङ्कन, स्वीकृति एवं संझौता गरिनेछ।

(ग) ठेक्का प्रकृयावाट योग्य भै छनौट भइको ठेकेदारले नगरपालिकालाई भुक्तान गर्न कवोल गरेको कुल रकम अग्रिम रुपमा नगदै वा कवोल गरेको कुल रकमको ४० (चालिस) प्रतिसत रकम नगद र बाँकि रकम बराबर कम्तिमा एक वर्ष मान्य अवधि रहेको "क" वर्गको बैङ्कबाट जारी बैङ्क जमानत पत्र पेश गरेपछी मात्र संझौता एवं कार्यदिश दिइनेछ। बैङ्क जमानत वापतको रकम बढीमा तिन महिना वा ठेक्का संझौता अवधी भित्र नगदै भुक्तान गर्नु पर्ने छ।

(घ) यस प्रकार ठेक्का सञ्चालन सम्वन्धमा नेपाल सरकारका अन्य निकायमा लाग्ने करहरु एवं मुल्य अभिबृद्दी कर तिर्ने दायित्व सम्बन्धित ठेकेदारको हुने छ।

(ङ) नगरपालिकाले सम्बन्धित ठेकेदार सँग संझौता भै कार्यदिश भैसकेको आवस्थामा कुनै किसिमको छुट एवं मिनाहा दिने एवं संझौता समयावधी थप गरिने छैन।

(च) ठेक्का व्यवस्थापन सम्वन्धि अन्य ब्यवस्था प्रचलित कानुन, सम्मानित अदालतका आदेश तथा नजिरहरु र कालिका नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

(छ) यस प्रकार कार्यकालागि यस कार्यविधिको दफा (२१) बमोजिम जनशक्ती परिचालन गरिने छ।

**१९.आयोजना लाई सिधै दिन सकिने**

(१) कालिका नगरपालिकाले (नगर क्षेत्र वा बाहिर समेत) बिभिन्न सरकारि निकायहरुले सञ्चालन गर्ने आयोजना हरुलाई आयोजना सञ्चालन गर्ने सरकारि निकायको सिफारिसमा, आयोजना सँग सम्बन्धित निर्माण ब्यवसायी, निर्माण समिती



नगर प्रमुख

वा उपभोक्ता समितीलाई नगरपालिकाले तोकेको राजश्व लिई देहाय बमोजिम सर्तहरुका आधारमा आवश्यकता अनुसार निर्माणजन्य खनिज पदार्थ उपलब्ध गराउन सक्ने छ।

(क) सम्बन्धित निकायले निर्माणजन्य खनिज पदार्थको आवश्यक परिमाण, आयोजना स्थल, ढुवानि र मेसिनरी साधन को विवरण सहित आयजनाको संझौता लागयतका कागजातहरु सहित सिफारिस गर्नु पर्ने छ।

(ख) यस सम्बन्धमा सम्बन्धित योजना सञ्चालक निकायले जिल्ला विपद व्यवस्थापन समिती, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिती र सुरक्षा निकायहरुसँग कानुन बमोजिम समन्वय स्थापना गरी आवश्यकता अनुसार सहमति वा सिफारिस समेत पेश गर्नुपर्ने छ।

(ग) यस प्रकार निर्माणजन्य खनिज पदार्थ उपलब्ध गराउदा सम्वन्धित निर्माण व्यवसायी, निर्माण समिती वा उपभोक्ता समितीले यस कार्यविधिको दफा (६), (७), (९), (११) र (२०) बमोजिम का प्रावधानहरु अनिवार्य पुरा गर्नु पर्ने छ।

(घ) यस प्रकार अनुमती प्राप्त निर्माण व्यवसायी, निर्माण समिती वा उपभोक्ता समितीले निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं ढुवानी कार्य गर्दा यस कार्यबिधि, नगरपालिकाको निर्णय एवं प्रचलित कानुनको बर्खिलाफ गरेमा सिफारिस कर्ता निकाय समेत जिम्मेवार रहेने छ।

**२०. जरिवना एवं कार्यबाहि समबन्धी व्यबस्था।**

यस कार्यविधिको बर्खिलाफ गरी कालिका नगरपालिका क्षेत्र भित्र निर्माणजन्य खनिज पदार्थको अवैध उत्खनन, बिक्रि वितरण, ओसार-पसार एवं कारोवार गरेको पाईएमा नगरपालिकाले राजश्व एवं जरिवना अनुसुचि – "क" बमोजिम जरिवना एवं कार्यबाहि गर्ने छ।

**२१. जनशक्ति परिचालन सम्वन्धी व्यवस्था।**

(१) कालिका नगरपालिका कार्यालयले स्वीकृति प्रदान गरेको उत्खनन क्षेत्रमा दैनिक उत्खनन एवं व्यवस्थापन कार्यलाई नियमन गर्न, शुल्क वा राजश्व सङ्कलन गर्न, जरिवना सङ्कलन गर्न लगायतका कार्यहरुमा मौजुदा कर्मचारी जनशक्ति का साथ जनप्रतिनिधी लाई परिचालन गर्न सक्नेछ। यसप्रकारका परिचालन गर्दा सम्बन्धित उत्खनन क्षेत्र रहेको वडा कार्यालयका जनशक्ति र जनप्रतिनिधी लाई परिचालन गर्न सक्नेछ। वडा कार्यालयमा प्रयाप्त कर्मचारी जनशक्ति नरहेको अवस्थामा कार्यालयका अन्य साखा वा अन्यत्र वडा कार्यलयका कर्मचारी जनशक्ती समेत परिचालन गर्न सक्ने छ।

(२) उप दफा (१) बमोजिम कार्यको दैनिक कार्यसञ्चालनकालागी एक उत्खनन क्षेत्रममा कम्तिमा एकजना कर्मचारी र एक जना जनप्रतिनिधी गरी जम्मा दुइजना जनशक्ती समेत परिचालन गर्न सक्ने छ। नगरपालिकाले आवश्यकताअनुसार एकै उत्खनन क्षेत्रममा थप कर्मचारी एवं जनप्रतिनिधी परिचालन गर्न सक्नेछ। जनप्रतिनिधीको हकमा सम्बन्धित उत्खनन क्षेत्र रहेको वडाका निर्वाचित जनप्रतिनिधी परिचालन गरिने छ, यसप्रकार जनप्रतिनिधी सम्बन्धित वडाध्यक्षले तोकेबमोजिम हुनेछ। यस प्रकार परिचालित जनशक्तीले देहाय बमोजिम कार्यहरु सम्पादन गर्नुपर्नेछ।

(क) अनुमती प्राप्त भारी ढुवानि र मेसिनरी साधनहरु एवं चालकलाइ मात्र तोकिएको उत्खनन क्षेत्रमा प्रबेशगर्न दिने।

(ख) ढुवानि साधनहरु हरुको पटके नियन्त्रण गर्ने।

(ग) दैनिक उत्खनन अवधी र परिमाण नियन्त्रण गर्ने।

नगर प्रमुख

(घ) दैनिक उत्खनन परिमाण बमोजिम राजश्व सङ्कलन र दाखिला गर्ने।

(ङ) दैनिक उत्खनन परिमाण अभिलेखिकरण गर्ने।

(च) नियमित रुपमा उत्खनन परिमाण र संकलित राजश्व सम्बन्धमा नगरपालिका कार्यलाय प्रतिवेदन गर्ने।

(छ) निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं व्यवस्थापन सम्बन्धी अनुगमन समिती र नगरपालिका कार्यलायले तोके बमोजिमका अन्यकार्यहरु गर्ने।

(३) उप दफा (२) बमोजिम परिचालित जनशक्तीले दैनिक रुपमा खाना, खाजा चिया नास्ता, सन्चार र ईन्धन बापत अनुसुचि – "ख" बमोजिम, सुबिधा प्राप्त गर्नेछन।

(४) उप दफा (१) बमोजिम दैनिक कार्यसञ्चालनमा सहयोगकालागी अनुगमन समितिले आवश्यकता अनुसार प्राविधिक समिती परिचालन गर्न सक्नेछ। यसप्रकार परिचालित कर्मचारी तथा पदाधिकारीले खाजा चिया नास्ता र ईन्धन बापत अनुसुचि – "ख" बमोजिम, सुबिधा प्राप्त गर्नेछन।

(५) उप दफा (१) बमोजिम कार्यको दैनिक अनुगमन अनुगमन समितिले गर्ने छ। अनुगमन समितिले दैनिक अनुगमन कार्यकालागी अनुगमन उप समिती गठन गरी परिचालन समेत गर्न सक्नेछ। यसप्रकार परिचालित समिती पदाधिकारीले अनुसुचि – "ख" बमोजिम, सुबिधा / भत्ता प्राप्त गर्नेछन।

(६) निर्देशक समिति र अनुगमन समितिका पदाधिकारीहरुले अनुसुचि – "ख" बमोजिम / नियमानुसार बैठक भत्त प्राप्त गर्नेछन। यस प्रकार समितीको यातयात, खाजा, खाना, मसलन्द लगयतको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

**२२. खारेजि एवं निस्कृय रहने सम्बन्धी व्यवस्था।**

यस कार्यविधि लागुभए पस्चात देहाय बमोजिम कार्यविधि एवं कार्ययोजनाहरु खारेजि एवं निस्कृय रहने छन्।

(क) कालिका न.पा. को खनीजन्य तथा खनिज पदार्थ (ढुंगा,गिट्टी,वालुवा,ग्राभेल,रोडा,माटो) पदार्थ उत्खनन/संकलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि-२०७७

(ख) कालिका नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन ओसार पसार तथा बिक्री वितरण गर्ने कार्ययोजना, २०७५

**२३. अनुसुचि हेरफेर सम्बन्धी व्यवस्था।**

दफा (५) को उपदफा – (४) बमोजिम अनुगमन समितिका सदश्य सचिवले अनुगमन समितिको सहमतीमा जरिवना एवं कार्यबाहि अनुसूची, राजश्व एवं जरिवना अनुसूची र प्रोत्साहन एवं सेवा सुबिध सम्बन्धी अनुसुचिहरु बाहेकका अनुसुचिहरु यस कार्यविधिको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन, हेरफेर, थपघट गरी लागु गर्न सक्नेछ।

नगर प्रमुख

## अनुसूची – १

मिति: ...................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका, रेडक्रसग्राम, चितवन।

**विषय:- निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं दिगो व्यवस्थापन सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" अधीनमा रही देहायबमोजिम विवरण रहेको मेरो / हाम्रो निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन उत्खनन, सङ्कलन, ढुवानी बिक्री वितरण लगायत ) कार्यार्थ अनुमतिका लागी अनुरोध छ।

**तपसिल**

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं :
३. जग्गाको क्षेत्रफल :
४. सानिकको ठेगाना :
५. हालको ठेगाना :
६. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत मिति:
७. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकाय:
८. कुल जम्मा उत्खनन गर्न सकिने परिमाण :
९. बकि उत्खनन गर्न सकिने परिमाण :
१०. दैनिक उत्खनन गर्न सकिने परिमाण :
११. हाल उत्खनन अनुमति माग गरेको परिमाण :
१२. माग गरेको उत्खनन अवधि : मिति ...................................... देखी ......................................सम्म
१३. उत्खनन गरी लैजाने स्थान :
१४. उत्खनन गरी लैजाने रुट :

निवेदक

नाम : श्री.........................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

संलग्न कागजातहरू :

१. निवेदकको नागरिकताको प्रतिलिपि
२. जग्गा धनीको पुर्जा प्रतिलिपि



CamScanner

३. सम्पत्ति कर तिरेको प्रतिलिपि
४. जग्गा धनीको ना. प्र. प्रतिलिपि
५. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
६. फर्मको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
७. फर्मको कर चूक्ता प्रमाणपत्रको प्रतिलिपि
८. स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन
९. सम्बन्धित वडाको सिफारिस
१०. जग्गा धनी र उत्खनन कर्ता बिचको सम्झौताको प्रतिलिपि

ढुवानी साधनको कागजातहरू :
१. प्रयोग गर्ने ढुवानी साधनको बिल बुकको प्रतिलिपि ( हरेक साधनको छुट्टा छुट्टै )
२. चालक अनुमति पत्र को प्रतिलिपि

नगर प्रमुख

## अनुसूची – २

### निजी उत्खनन क्षेत्रबाट व्यवसायिक प्रयोजनका लागी निर्माणजन्य खनिज पदार्थ उत्खनन सम्बन्धी कालिका नगरपालिका र उत्खनन कर्ता विचको सम्झौता।

(योजना तथा अनुमतिको प्रकृतिअनुसार दफा (५) को उपदफा – (४) बमोजिम अनुगमन समितिका सदस्य सचिवले यस कार्यविधिको अधिनमा रही सम्झौता पत्र तयारगरी लागु गर्न सक्नेछ।)

नगर प्रमुख

## अनुसूची – ३

### दिगो व्यवस्थापन आदेश

आदेश नं.

च. नं. -

मितिः ..................................

श्रीमान .........................................,

कालिका नगरपालिका, रेडक्रस ग्राम, चितवन।

विषयः- निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ उत्खनन एवं दिगो व्यवस्थापन आदेश।

प्रस्तुत विषयमा कालिका नगरपालिकाको मिति .............................. को निर्णय एवं दुई पक्षबीचको मिति .................. ............. सम्झौता अनुसार "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" र प्रचलित कानुनको अधीनमा रही देहायबमोजिम निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन ( उत्खनन, सङ्कलन, ढुवानी बिक्री बितरण लगायत ) कार्यार्थ अनुमति एवं यो कार्यादेश दिइएको छ।

तपसिल

१. जग्गा धनीको नाम :

२. जग्गाको कित्ता नं र क्षेत्रफल:

३. हालको ठेगाना :

४. उत्खनन गरिने निर्माणजन्य खनिज पदार्थः

५. हाल उत्खननका लागी स्वीकृत परिमाण :

६. स्वीकृत उत्खनन अवधि : मिति ........................................ देखी ........................................सम्म

७. स्वीकृत दैनिक उत्खनन समय : बिहान .............. बजे देखी बेलुका ........................ बजे सम्म

८. उत्खनन गरी लैजाने स्थान :

९. उत्खनन गरी लैजाने रुट :

१०. उत्खननमा प्रयोग हुने हेबी मेसिनरीः

११. ढुवानीमा प्रयोग हुने साधनहरूः

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**

श्री नगर प्रमुखज्यू / श्री नगर उप प्रमुखज्यू

**बोधार्थ**

श्री .............................. प्रहरी कार्यालय, कालिका चितवन

नगर प्रमुख

श्री ...................... सब डिभिजन बन कार्यालय, कालिका चितवन
श्री ............. नं. वडा कार्यालय, कालिका चितवन
श्री राजश्व शाखा, कालिका नगरपालिका, चितवन
श्री ............. ( दैनिक खटिने जनप्रतिनिधि )............................... , कालिका चितवन
श्री ............. ( दैनिक खटिने कर्मचारी )............................ , कालिका चितवन

नगर प्रमुख

## अनुसूचित – ४

मितिः ...................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका, रेडक्रस ग्राम, चितवन।

**विषय:- निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ उत्खनन अवधि थप सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा देहायबमोजिम विवरण रहेको मेरो / हाम्रो निजी जग्गा बाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन ( उत्खनन, सङ्कलन, ढुवानी बिक्री वितरण लगायत ) कार्यार्थ मिति ....... .......... को सम्झौता र आदेश नं. ..........., आदेश मिति ............ ............बाट मिति ........... .............. .......... देखी ....... ........ ...... ...... ........ ...सम्म उत्खनन अनुमति प्राप्त भएकोमा ........... .............. ................. ....... ............ ...... .... कारणले उल्लेखित अवधि अपुग हुन गएकोमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" अधीनमा रही उत्खनन अवधि गरिपाउँ भनी अनुरोध गर्दछौं।

तपसिल

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं र क्षेत्रफल:
३. हालको ठेगाना :
४. उत्खनन गरिने निर्माणजन्य खनिज पदार्थ:
५. हाल उत्खननका लागी स्वीकृत परिमाण :
६. हाल उत्खननका लागी स्वीकृत परिमाण मध्य उत्खनन भैसकेको परिमाण :
७. उत्खननका लागी बाँकी रहेको स्वीकृत परिमाण :
८. स्वीकृत उत्खनन अवधि : मिति ..................................... देखी .......................................सम्म
९. स्वीकृत दैनिक उत्खनन समय : बिहान .............. बजे देखी बेलुका ....................... बजे सम्म
१०. थप गर्नुपर्ने उत्खनन अवधि : मिति ..................................... देखी .......................................सम्म
११. उत्खनन गरी लैजाने स्थान :

निवेदक
नाम :श्री.......................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

नगर प्रमुख

अनुसूची – ५

मितिः ..................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगर पालिका,रेडक्रस ग्राम, चितवन ।

**विषयः- भारी ढुवानी साधन / भारी मेसिनरी औजार प्रयोग अनुमति सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा कालिका नगरपालिका र हामी / ............................ फर्मले देहायबमोजिम विवरण रहेको उत्खनन क्षेत्रबाट निर्माणजन्य खनिज पदार्थ *दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टक गर्ने* कार्यार्थ मिति ....... .......... मा *निवेदन पेश / प्रस्ताव पेश / सम्झौता* भएको छ । उल्लेखित कार्यसंपादनका लागी ***"कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्वन्धी कार्यविधि - २०८१"*** अधीनमा रही स्वीकृत क्षेत्र र प्रयोजनका लागि मात्र प्रयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै संलग्न *अनुसूची - ६* बमोजिम प्रस्तावित **भारी ढुवानी साधन / भारी मेसिनरी औजारहरू** प्रयोग अनुमतिका लागी अनुरोध गर्दछु ।

तपसिल

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं र क्षेत्रफल:
३. हालको ठेगाना :
४. उत्खनन / ढुवानी गरिने निर्माणजन्य खनिज पदार्थः
५. उत्खनन / ढुवानीका लागी स्वीकृति माग गरेको परिमाण :
८. स्वीकृत उत्खनन अवधि : मिति ...................................... देखी ........................................सम्म
९. स्वीकृत दैनिक उत्खनन समय : बिहान .............. बजे देखी बेलुका ........................ बजे सम्म
१०. उत्खनन गरी लैजाने स्थान :
११. साधनको विवरण ( प्रकृति, क्षमता र दर्ता नं.) –
*( उल्लेखित साधनहरूको विस्तृत विवरण अनुसूची – ६ बमोजिम संलग्न गरिएको छ ।)*

निवेदक
नाम :श्री.........................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

नगर प्रमुख

नगर प्रमुख

## अनुसूची – ६

**भारी ढुवानी साधन / भारी मेसिनरी औजारहरूको अभिलेख विवरण**

मिति ..................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगर पालिका, रेडक्रसग्राम, चितवन ।

**विषयः- भारी ढुवानी साधन / भारी मेसिनरी औजारहरूको अभिलेख विवरण सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा कालिका नगरपालिका र हामी / ............................. फर्मले मिति ................ मा ***"कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१"*** को ***अनुसूची - ५*** बमोजिम निर्माणजन्य खनिज पदार्थ ***दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टकगर्ने*** कार्यका लागी अनुमति माग गरिएको ***भारी ढुवानी साधन / भारी मेसिनरी औजार*** को अभिलेख विवरण यसप्रकार रहेको ब्यहोरा अनुरोध गर्दछौं ।

**तपसिल**

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं र क्षेत्रफल:
३. हालको ठेगाना :
४. उत्खनन / ढुवानी गरिने निर्माणजन्य खनिज पदार्थः
५. उत्खनन / ढुवानीका लागी स्वीकृति माग गरेको परिमाण :
६. प्रस्तावित उत्खनन अवधि : मिति ..................................... देखी ......................................सम्म
७. प्रस्तावित दैनिक उत्खनन समय : बिहान .............. बजे देखी बेलुका ........................ बजे सम्म
८. उत्खनन गरी लैजाने स्थान ( रुट सहित खुलाइ ) :
९. साधन धनीको नामः
१०. साधन धनीको ठेगानः
११. साधन धनीको ना. प्र. प. नं., जारी मिति र जिल्लाः
१२. साधनको प्रकृति र क्षमताः
१३. साधनको दर्ता नं.
१४. चालकको नाम र ठेगाना
१५. चालकको सवारि चालक अनुमति पत्र नं., जारी मिति र कार्यालयः
१६. चालकको संम्पर्क नः

निवेदक
नाम :श्री.......................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

नगर प्रमुख

संलग्न कागजातहरू :

१. साधन धनीको नागरिकताको प्रतिलिपि

२. साधन धनीको सँगको संम्झौत पत्र

३. साधनको बिल बुकको प्रतिलिपि (नबिकरण भएको हुनुपर्ने छ ।)

४. चालक अनुमति पत्र को प्रतिलिपि (नबिकरण भएको हुनुपर्ने छ ।)

(*) - उत्खनन / ढुवानि / भण्डारण / बिक्रिवितरण / स्टक गर्ने

## अनुसूची – ७

मितिः ..................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका, रेडक्रसग्राम, चितवन।

**विषयः- निजि जमिन व्यवस्थापन तथा उपयोग सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" अधीनमा रही देहायबमोजिम विवरण रहेको मेरो / हाम्रो निजी जमिन व्यवस्थापन गर्दा उत्खनन हुने माटोजन्य पदार्थ ***घडेरि पुर्ने प्रयोजनका लागी / बेचबिखन गरी व्यवस्थापन*** गर्न अनुमतिका लागी अनुरोध छ।

**तपसिल**

व्यवस्थापन गर्ने निजि जमिन को विवरणः

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं :
३. जग्गाको क्षेत्रफल :
४. साबिकको ठेगाना :
५. हालको ठेगाना :
६.कुल जम्मा उत्खनन हुने अनुमानित परिमाण :

उपयोगगर्ने निजि जमिन को विवरणः

१. जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं :
३. जग्गाको क्षेत्रफल :
४. साबिकको ठेगाना :
५. हालको ठेगाना :
६. उपयोग को उदेश्यः घडेरि पुर्ने प्रयोजनका लागी / बेचबिखन गरी व्यवस्थापन गर्न
७. भवन निर्माणकोलागी नगरपालिकामा नक्सा पास अनुमति लिएको मिति र दर्ता नः
८. माग गरेको उत्खनन अवधि : मिति ...................................... देखी ......................................सम्म
९. उत्खनन गरी लैजाने स्थान :
१०. उत्खनन गरी लैजाने रुट :

निवेदक
नाम :श्री..........................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

संलग्न कागजातहरू :

<u>व्यवस्थापन गर्ने निजी जमिन को</u>

१. जग्गा धनीको नागरिकताको प्रतिलिपि
२. जग्गा धनीको पुर्जा प्रतिलिपि
३. सम्पत्ति कर तिरेको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस
५. अनुसूची ............ बमोजिम स्थलगत मुचुल्का

<u>उपयोगगर्ने निजी जमिन को</u>

१. जग्गा धनीको नागरिकताको प्रतिलिपि
२. जग्गा धनीको पुर्जा प्रतिलिपि
३. सम्पत्ति कर तिरेको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस
५. भवन निर्माणकोलागी नगरपालिकामा नक्सा पास अनुमति प्रमाण पत्र (घडेरि पुर्ने प्रयोजनका लागी मात्र)

<u>व्यबस्थापन गर्ने / उपयोगगर्ने निजि जमिन संस्थागत भएमा</u>

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. फर्मको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. फर्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

१. व्यवस्थापन गर्ने र उपयोगगर्ने जग्गा धनी फरक भएमा दुबैबिचको बिचको संझौतापत्र

नगर प्रमुख

## अनुसूची – ८
## निजी जमिन व्यवस्थापन तथा उपयोग आदेश

**आदेश नं.**

च. नं. -

मितिः ....................................

श्रीमान .........................................,

कालिका नगर पालिका, रेडक्रसग्राम, चितवन ।

विषयः- निजि जमिन व्यवस्थापन तथा उपयोग आदेश ।

प्रस्तुत विषयमा कालिका नगरपालिकाको मिति .............................. को निर्णय अनुसार "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" र प्रचलित कानुनको अधीनमा रही देहायबमोजिम निजी जमिन व्यवस्थापन तथा उपयोग कार्यार्थ अनुमति एवं यो कार्यादेश दिइएको छ ।

तपसिल

व्यवस्थापन गर्ने निजि जमिन को विवरणः

१. जग्गा धनीको नाम / ठेगाना :

२. जग्गाको कित्ता नं / क्षेत्रफलः

उपयोगगर्ने निजि जमिन को विवरणः

१. जग्गा धनीको नाम / ठेगाना :

२. जग्गाको कित्ता नं / क्षेत्रफलः

उपयोगगर्ने अनुमति विवरणः

१. कुल अनुमति परिमाण :

२. स्वीकृत उत्खनन अवधि : मिति ....................................... देखी ........................................सम्म

३. स्वीकृत दैनिक उत्खनन समय : बिहान .............. बजे देखी बेलुका ........................ बजे सम्म

४. उत्खनन गरी लैजाने रुट :

५. उत्खननमा प्रयोग हुने हेवी मेसिनरीः

६. ढुवानीमा प्रयोग हुने साधनहरूः

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**

श्री नगर प्रमुखज्यू / श्री नगर उप प्रमुखज्यू

**बोधार्थ**

श्री .............................. प्रहरी कार्यालय, कालिका चितवन

श्री ............ नं. वडा कार्यालय, कालिका चितवन

श्री राजश्व शाखा, कालिका नगरपालिका, चितवन

श्री ............ ( दैनिक खटिने जनप्रतिनिधि ) .............................. , कालिका चितवन

श्री ............ ( दैनिक खटिने कर्मचारी ).............................. , कालिका चितवन





CamScanner

## अनुसुचि – ९

मिती: ..................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगर पालिका,रेडक्रसग्राम,चितवन।

**विषय:- स्टक प्रमाणित गरिदिने सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" अधीनमा रही देहायबमोजिम विवरण अनुसार मेरो / हाम्रो स्वमित्यमा रहेको निर्माणजन्य खनिज पदार्थ स्टक प्रमाणित गरिदिनुहुन अनुरोध छ।

स्टक को विवरण:

१. स्टक रहने जग्गा धनीको नाम :
२. जग्गाको कित्ता नं :
३. जग्गाको क्षेत्रफल :
४. साबिकको ठेगाना :
५. हालको ठेगाना :
छ. निर्माणजन्य खनिज पदार्थ को किसिम:
६. अनुमानित परिमाण :
७. स्टक गर्नुको उदेश्य :
८. स्टक रहने समयावधी :

निवेदक
नाम :श्री.........................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

संलग्न कागजातहरू :

निजि जमिनमा स्टक गरेको अवस्थामा

१. स्टक रहने जग्गा धनीको नागरिकताको प्रतिलिपि
२. स्टक रहने जग्गा धनीको पुर्जा प्रतिलिपि
३. स्टक रहने जग्गाको सम्पत्ति कर तिरेको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस





नगर प्रमुख

५. स्टक रहने निर्माणजन्य खनिज पदार्थ संकलन गरेको श्रोतको आधिकारिकता खुल्ने कागज

६. स्टक रहने निर्माणजन्य खनिज पदार्थ परिणाम र सो बमोजिम राजश्व दाखिला भैसकेको प्रमाण

**७. *स्टककर्ता र स्टकगर्ने जग्गा धनी फरक भएमा दुवैविचको विचको संझौतापत्र***

<u>संस्थागत जमिनमा स्टक स्टक गरेको अवस्थामा</u>

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. फर्मको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. फर्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

## अनुसूची – १०

च. नं. (प्रमाणपत्र नं.) :-

मितिः ……………………………

श्री……………………………………………………,

कालिका नगर पालिका, रेडक्रसग्राम, चितवन ।

**विषयः- स्टक प्रमाणित गरिएको प्रमाणपत्र ।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" को दफा – १४ बमोजिम हुनेगरी नगरपालिकाको मिति …………………………… को निर्णय अनुसार देहायबमोजिम **निर्माणजन्य खनिज पदार्थ** स्टक प्रमाणित गरिएको छ ।

स्टक को विवरण:

१. स्टक रहने जग्गा धनीको नाम :

२. जग्गाको कित्ता नं :

३. जग्गाको क्षेत्रफल :

४. साबिकको ठेगाना :

५. हालको ठेगाना :

६. निर्माणजन्य खनिज पदार्थ को किसिम:

७. स्टक परिमाण (घ. मि.):

८. स्टक गर्नुको उदेश्य :

९. स्टक रहने समयावधी :

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**

श्री नगर प्रमुखज्यू / श्री नगर उप प्रमुखज्यू

**बोधार्थ**

श्री …………………………. प्रहरी कार्यालय, कालिका चितवन

श्री ………… नं. वडा कार्यालय, कालिका चितवन

श्री राजश्व शाखा, कालिका नगरपालिका, चितवन

श्री वन वातावरण तथा विपद व्यवस्थापन शाखा, कालिका नगरपालिका, चितवन

## अनुसूची – ११

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका, रेडक्रसग्राम, चितवन ।

**विषयः- स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" अधीनमा रही देहायबमोजिम विवरण अनुसार मेरो / हाम्रो स्वमित्वमा रहेको **निर्माणजन्य खनिज पदार्थ** स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरण गर्न अनुमति प्रदान गरिदिनुहुन अनुरोध छ।

स्टक को विवरणः

(१) च. नं. (प्रमाणपत्र नं.) -
(२) स्टक रहने जग्गा धनीको नाम :
(३) जग्गाको कित्ता नं :
(४) हालको ठेगाना :
(५) निर्माणजन्य खनिज पदार्थ को किसिमः
(६) प्रमाणित परिमाण (घ. मि.):
(७) मौजुदा परिमाण (घ. मि.):
(८) स्टक व्यवस्थापन गर्न वा बिक्रिवितरणगर्न अनुमति माग गरेको परिमाण :
(९) अनुमतिमाग गरेको गर्नुको उदेश्य : बिक्रिवितरणगर्न
(१०) अनुमति माग गरेको अवधि : मिति ................................... देखी ....................................सम्म
(११) अनुमति माग गरेको दैनिक समय : बिहान .............. बजे देखी बेलुका ...................... बजे सम्म
(१२) व्यवस्थापन गर्न वा बिक्रिवितरणगर्न लैजाने रुट :
(१३) प्रयोग हुने हेवी मेसिनरीः
(१४) ढुवानीमा प्रयोग हुने साधनः

निवेदक
नाम :श्री.......................................
ठेगाना :
फर्मको नाम :
ठेगाना :

संलग्न कागजातहरू :

स्टक प्रमाणित गरिएको प्रमाणपत्र को प्रतिलिपी
सम्बन्धित वडाको सिफारिस
अनुसूची ................ बमोजिम मुचुलका
प्रयोग हुने हेवी मेसिनरी र ढुवानीमा साधन सम्बन्धि नियमानुसार कागज पत्रहरु

नगर प्रमुख

## अनुसूची – १२

श्री.........................................................,
कालिका नगरपालिका, रेडक्रसग्राम, चितवन।

**विषय:- स्टक व्यवस्थापन वा बिक्रिवितरण गर्न अनुमति प्रदान गरिएको सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८१" को दफा – १४ बमोजिम हुनेगरी नगरपालिकाको मिति ........................... को निर्णय अनुसार देहायबमोजिम **निर्माणजन्य खनिज पदार्थ** स्टक व्यवस्थापन वा बिक्रिवितरण गर्न अनुमति प्रदान गरिएको छ।

स्टक को विवरण:

(१) च. नं. (प्रमाणपत्र नं.) -
(२) स्टक रहने जग्गा धनीको नाम:
(३) जग्गाको कित्ता नं:
(४) हालको ठेगाना :
(५) निर्माणजन्य खनिज पदार्थ को किसिम:
(६) प्रमाणित परिमाण (घ. मि.):
(७) मौजुदा परिमाण (घ. मि.):
**(८) स्टक व्यवस्थापन वा बिक्रिवितरणगर्न अनुमति प्रदान गरेको परिमाण:**
(९) स्टक व्यवस्थापनको उदेश्य: बिक्रिवितरणगर्न
(१०) अनुमति प्रदान गरेको अवधि: मिति ...................................... देखी .......................................सम्म
(११) अनुमति प्रदान गरेको दैनिक समय: बिहान .............. बजे देखी बेलुका ........................ बजे सम्म
(१२) व्यवस्थापन गर्न वा बिक्रिवितरणगर्न लैजाने रुट:
(१३) प्रयोग हुने हेभी मेसिनरी:
(१४) ढुवानीमा प्रयोग हुने साधन:

निवेदक
नाम / ठेगाना ::श्री.........................................

**अवगतार्थ**
श्री नगर प्रमुखज्यू / श्री नगर उप प्रमुखज्यू

**बोधार्थ**
श्री ............................ प्रहरी कार्यालय, कालिका चितवन
श्री ............ नं. वडा कार्यालय, कालिका चितवन
श्री राजश्व शाखा, कालिका नगरपालिका, चितवन
श्री वन वातावरण तथा विपद व्यवस्थापन शाखा, कालिका नगरपालिका, चितवन
श्री ........................................................... (खटाइएको जनप्रतिनिधि)
श्री ........................................................... (खटाइएको कर्मचारी)



नगर प्रमुख



CamScanner

## अनुसूची – १३

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरुमा आगे यस कालिका नगर पालिका वडा नं. .............. बस्ने श्री .... .......................................................................................... ले ................................ आफ्नो नाममा रहको कालिका न.पा वडा नं ......... स्थित साविक ...................... कि.नं. .................... क्षेत्रफल .............. रहेको ...................... *(जग्गाबाट / जग्गामा )* ........................ निर्माणजन्य खनिज पदार्थ ................ *(दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टक (भण्डारणगर्ने कार्य) / स्टक व्यवस्थापन वा बिक्रिवितरण)* ................. गर्ने प्रयोजननार्थ कालिका नगर पालिका कार्यालयमा दरखास्त दिनु भएकोमा कालिका नगर पालिका कार्यालयले सर्जमिन गरी पठाइदिनुहोस भनि अनुरोध भई आएकोमा सो को लागि तपाँई साँध सधियार छर छिमेकी, भद्र भलाद्मीहरुलाई एकै स्थानमा भेला गराई बो कुरा सोधनी गरिन्छ कि उल्लेखित ...................... *(जग्गाबाट / जग्गामा )* ........................ निवेदकले माग गर्नु भएको निर्माणजन्य खनिज पदार्थ ................ *(दिगो व्यवस्थापन / निजि जमिन व्यवस्थापन तथा उपयोग / स्टक (भण्डारणगर्ने कार्य) / स्टक व्यवस्थापन वा बिक्रिवितरण)* .................. कार्य गर्दा तपाई साँध सधियार छरछिमेकी सार्वजनिक संघ संस्था आदि कुनै कसैलाई प्रतिकुल असर पर्छ पर्दैन ? वातावरणीय प्रदुषण हुन्छ हुँदैन ? निर्माणजन्य खनिज पदार्थ ................ *(दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टक (भण्डारणगर्ने कार्य) / स्टक व्यवस्थापन वा बिक्रिवितरण)* .................. का लागि सिफारिस दिन मिल्छ मिल्दैन ? भएको सहि सत्य व्यहोरा पछि सम्म फरक नपर्ने गरी बताईदिनुहोस भनि सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । यस सम्बन्धमा हाम्रो संयुक्त व्यहोरा यो छ कि उल्लेखित जगाबाट निर्माणजन्य खनिज पदार्थ ................ *(दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टक (भण्डारणगर्ने कार्य) / स्टक व्यवस्थापन वा बिक्रिवितरण)* ................. गर्दा कुनै किसिमको वातावरणीय असर नपर्ने तथा प्रदुषण नहुने गरी प्रस्तावित .................. *(दिगो व्यवस्थापन / निजी जमिन व्यवस्थापन तथा उपयोग / स्टक (भण्डारणगर्ने कार्य) / स्टक व्यवस्थापन वा बिक्रिवितरण)* ................ कार्यका लागि वडा कार्यालयबाट सिफारिस गरिदिएमा केही फरक पर्दैन ।

तपसिल : (साँध सधियार हरु)

१. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
२. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
३. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
४. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
५. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १

अन्य भद्र-भलादमिहरु

१. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
२. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
३. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
४. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १
५. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ................................................ १



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २१

सम्बन्धित

१. का.न.पा. वडा नं. ........ बस्ने वर्षका श्री ............................................... १

काम तामेल

१. का.न.पा. वडा नं. ......का अध्यक्ष / वडा सचिव श्री ............................................... १

२. ईति सम्वत् २०७.... साल .............. महिना .............. रोज ................ शुभम्।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

राजश्व एवं जरिवना अनुसूची – "क"

| क्र. सं. | सम्बन्धित | कार्य विवरण | दर (ने. रु.) | इकाइ | |
|---|---|---|---|---|---|
| १ | दफा – (८), उपदफा – (७) | राजश्व (उत्खनन शुल्क मात्र) | बागमती प्रदेश सरकारले तोके बमोजिम (प्रति घन फिट) | | मु अ कर समेत लाग्नेछ |
| २ | दफा – (८), उपदफा – (७) | धरौटी | २५००० | | |
| ३ | दफा – (८), उपदफा – (९) | निजी उत्खनन क्षेत्रबाट व्यवसायिक रुपमा निर्माणजन्य खनिज पदार्थ उत्खनन अवधी थप | ३००० | प्रतिदिन | |
| ४ | दफा – (७), उपदफा – (७)<br>दफा – (८), उपदफा – (१२) | दैनिक उत्खनन समयावधी पस्चात उत्खनन स्थल वातावरण मैत्री हिसाबले सफाई तथा व्यवस्थापन नभएमा | १०००० | प्रत्येक पटक | |
| | | उत्खनन सम्झौता अवधि पस्चात उत्खनन स्थल वातावरण मैत्री हिसाबले सफाई तथा व्यवस्थापन नभएमा | २५००० | | |
| ५ | दफा – (९), उपदफा – (६)<br>दफा – (१०), उपदफा – (७)<br>दफा – (११), उपदफा – (६)<br>दफा – (१२), उपदफा – (८) | भारी ढुवानी वा मेसिनरी साधनहरु वा सम्बन्धित चालक परिवर्तन गर्नुपरेमा | ५०० | प्रति साधन प्रति पटक | |
| | | | ५०० | प्रति चालक प्रति पटक | |
| ६ | दफा – (९), उपदफा – (५)<br>दफा – (१०), उपदफा – (६) | भारी ढुवानी साधनको संख्या थप गर्न | २००० | प्रति ट्रेक्टर प्रति दिन | |
| | | | ५००० | प्रति ट्रिपर प्रति दिन | |
| ७ | दफा – (९), उपदफा – (७)<br>दफा – (१०), उपदफा – (८)<br>दफा – (११), उपदफा – (७)<br>दफा – (१२), उपदफा – (९) | अनुमति प्रदान गरिएका चालक बहेक अन्यले साधन सञ्चालन गरेमा | १००० | प्रति चालक प्रति पटक | |

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | दफा – (९), उपदफा – (९)<br>दफा – (१०), उपदफा -(१०)<br>दफा –(११),उपदफा – (९)<br>दफा – (१२),उपदफा –(११)<br>दफा –(१४),उपदफा – (२) (ट)<br>दफा –(१४),उपदफा – (३) (ञ)<br>दफा –(१५),उपदफा – (३) (ट) | उत्खनन समयावधी बहेक ढुवानी र उत्खनन साधनहरु उत्खनन क्षेत्रभित्र राखेको, तैनाथ वा पर्किङ गरेको पाइएमा | १००० | प्रति साधन प्रति पटक | |
| ९ | दफा – (९), उपदफा – (१०)<br>दफा –(१०),उपदफा – (११)<br>दफा –(१४),उपदफा – (२) (झ)<br>दफा –(१४),उपदफा – (३) (ञ)<br>दफा –(१५),उपदफा – (३) (ट) | निर्माणजन्य खनिज पदार्थ बाट धुलो उड्ने, पानी चुहिने, हिलो छरिने, दुर्गन्ध फैलिने लागबतका वातावरणीय असर पर्ने गरी ढुवानी गरेमा | १००० | प्रति साधन प्रति पटक | |
| १० | दफा –(१०),उपदफा – (१२) | भारी ढुवानी साधनको म्याद थप गर्न | ५०० | प्रति ट्रेक्टर प्रति दिन | |
| | | | ५०० | प्रति ट्रिपर प्रति दिन | |
| ११ | दफा –(९),उपदफा – (८)<br>दफा –(१०),उपदफा – (९)<br>दफा –(११),उपदफा – (८)<br>दफा – (१२),उपदफा –(१०)<br>दफा –(१४),उपदफा – (२) (ञ)<br>दफा –(१४),उपदफा – (३) (झ)<br>दफा –(१५),उपदफा – (३) (ट) | भारी ढुवानी वा मेसिनरी साधनहरु तोकिएको क्षेत्रबाहेका अन्यत्र प्रयोग गरेमा | ५००० | प्रति साधन प्रति पटक | |
| १२ | दफा – (११), उपदफा – (५)<br>दफा – (१२), उपदफा – (७) | भारी मेसिनरी साधनको संख्या थप गर्न | ३००० | प्रति ब्याक हो लोडर प्रति दिन | |
| | | | ५००० | प्रति एक्जाभेटर प्रति दिन | |
| १३ | दफा –(१०),उपदफा – (१२) | भारी मेसिनरी साधनको म्याद थप गर्न | ५०० | प्रति ब्याक हो लोडर प्रति दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५०० | प्रति एक्जाभेटर प्रति दिन | |
| १४ | दफा –(१४),उपदफा – (२) (छ)<br>दफा –(१४),उपदफा – (३) (छ) | भारी ढुवानी वा मेसिनरी साधनको प्रयोग गर्न | ५०० | प्रति ट्रेक्टर प्रति दिन | |
| | | | १००० | प्रति ब्याक हो लोडर प्रति दिन | |
| १५ | दफा –(१४),उपदफा – (२) (ग) | निजी जमिन व्यवस्थापन गर्दा ७५ (पचहत्तर) घ. मी. सम्म आफ्नै घडेरी पुर्न उपयोगको लागी मात्र | निशुल्क | | |
| १६ | दफा –(१४),उपदफा – (३) (ख) | निजी जमिन व्यवस्थापनका सन्दर्भमा बिक्री वितरण गरि उपयोग गर्दा | वागमती प्रदेश सरकारले तोके बमोजिम (प्रति घन फिट) | | मु अ कर समेत लाग्नेछ |
| १७ | दफा –(१५),उपदफा – (२) (ग)<br>दफा –(१५),उपदफा – (३) (घ) | स्टक प्रमाणित वा स्टक व्यवस्थापन गर्ने वा बिक्रिवितरण अनुमति | ५००० | प्रति स्टक क्षेत्र / प्रति पटक | |
| १८ | दफा –(१५),उपदफा – (३) (ज) | स्टक व्यवस्थापन गर्ने वा बिक्रिवितरण कार्यका लागि भारी ढुवानी साधन र भारी मेशीनरी औजार हरु प्रयोग | ५०० | प्रति ट्रेक्टर प्रति दिन | |
| | | | १००० | प्रति टिपर प्रति दिन | |
| | | | १००० | प्रति ब्याक हो लोडर प्रति दिन | |

नगर प्रमुख

जरिवना एवं कार्यबाहि अनुसूची

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | अवैध उत्खनन | ब्याक हो लोडर (प्रथम पटक) | २५००० | | |
| | | ब्याक हो लोडर (दोश्रो पटक) | ५०००० | | |
| | | ब्याक हो लोडर (दोश्रो पटक भन्द बढी हरेक पटक) | १००००० | | |
| | | एक्जाभेटर (प्रथम पटक) | ५०००० | | |
| | | एक्जाभेटर (दोश्रो पटक) | १००००० | | |
| | | एक्जाभेटर (दोश्रो पटक भन्द बढी हरेक पटक) | २००००० | | |

नोट-१ उल्लेखित दरहरु यस सम्बन्धमा बागमती प्रदेश सरकारले तोकोको दर भन्दा कम भएको अवस्थामा बागमती प्रदेश सरकारले तोकेबमोजिमनै हुने छ ।

नोट-२ उल्लेखित दरहरु आ. ब. २०८१/०८२ कालागी तोकोएकी छ। अन्य आ. व. हरुको हकमा नगरसभाले तोकेबमोजिम हुनेछ ।

नोट-३ उल्लेखित बाहेक अन्य दरहरु नगर पालिकाले तोकेबमोजिम हुनेछ ।

प्रोत्साहन एवं सेवा सुविध अनुसुचि – "ख"

| क्र. सं. | सम्बन्धित | कार्य विवरण | दर (ने. रु.) | इकाइ | |
|---|---|---|---|---|---|
| १ | दफा(१८) उप दफा (३) | खाना, खाजा चिया नास्ता, सञ्चार र ईन्धन खर्च | ८०० | प्रति दिन | |
| २ | दफा(१८) उप दफा (४) | खाजा चिया र ईन्धन खर्च | ५०० | प्रति दिन | |
| ३ | दफा(१८) उप दफा (५) | अनुगमन भत्ता | १००० | प्रति दिन | |
| ४ | दफा(१८) उप दफा (६) | बैठक भत्ता | १००० | प्रति दिन | |



प्रमाणीकरण मिति २०८१/०९/२९